2075

# [कार्यपालिका बैठकका निर्णयहरु मिति २०७५-०७-१७ देखी २०७५-१०-११ सम्म]

राप्ती नगरपालिका नगर कार्यपालिकाको कार्यालय
भण्डारा, चितवन।

**बैठक संख्या : ३६** स्थान : रात्ती नगरपालिका

मिती : २०७५।०६।२५ गते समय : विहान ८ : ०० बजे

यस रात्ती नगरपालिका, नगर कार्यपालिकाको प्रमुख श्री प्रभा वराल (पौडेल) को अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसि निम्न प्रस्तावहरुमा छलफल गरियो ।

**<u>उपस्थिति</u>**

नगरप्रमुख श्री प्रभा वराल(पौडेल)

नगर उपप्रमुख श्री इमान सिंह लामा

वडाध्यक्ष वडा नं १ श्री सिद्धिलाल स्याङतान

वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती

वडाध्यक्ष वडा नं ३ श्री राज कुमार उप्रेती

वडाध्यक्ष वडा नं ४ श्री शमसेर लामा

वडाध्यक्ष वडा नं ५ श्री मेनुका पाठक

वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु

वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी

वडाध्यक्ष वडा नं ८ श्री वुद्धिराज थपलीया

वडाध्यक्ष वडा नं ९ श्री देवेन्द्र लामा

वडाध्यक्ष वडा नं १० श्री अमर बहादुर तामाङ

वडाध्यक्ष वडा नं. ११ श्री हित बहादुर तामांङ

वडाध्यक्ष वडा नं. १२ श्री अर्जुन प्रजा

वडाध्यक्ष वडा नं. १३ श्री सूर्य बहादुर चेपाङ

सदस्य श्री पुष्पा के.सी. कुवर

सदस्य श्री दिल कुमारी लामा

सदस्य श्री कविता राई

सदस्य श्री रमिता परियार

सदस्य श्री श्यामलाल वि.क.

सदस्य श्री आइती देवी दराई

सदस्य श्री अम्विका लामा

सदस्य श्री पहलमान प्रजा

सदस्य सचिव : प्रमुख प्रशासकीय अधिकृत श्री मिठाराम हुमागाई

आमन्त्रित : जिल्ला समन्वय समिति सदस्य श्री गुनु वि.क.

लेखा अधिकृत : श्री मुक्ति प्रसाद चापागाई

रात्तीनगरपालिका

कम्प्यूटर अपरेटर : श्री रमेश चौधरी

**प्रस्तावहरु**

ढुङ्गा गिट्टी वालुवा र माटोको ठेक्का दिने र विक्री कर उठाउने सम्बन्धमा ।

१. भुक्तानीका अन्तिम प्रक्रियाहरु सम्बन्धमा ।
२. शुमकामना आदान प्रदान सम्बन्धमा ।
३. झोलुङ्गे पुल ६ वटा निर्माण सम्बन्धमा
४. बाटो मर्मत पहाड र हाइवे सम्बन्धमा ।
५. खेलकुद र तिज कार्यक्रमको नगर र वडाको संयुक्त बजेट खर्च सम्बन्धमा ।
६. मनोज वि.क.लाई दिएको रु२५०००। सहयोग सम्बन्धमा ।
७. प्राविधिक कर्मचारी राख्ने सम्बन्धमा ।
८. सहकारी विकास कार्यक्रम सम्बन्धमा ।
९. विभिन्न समिति गठनको कार्यविधि सम्बन्धमा ।

**निर्णय नं.१**

प्रस्ताव नं. १ माथि छलफल गर्दा प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश नं. ३ हेटौडाबाट प्राप्त प.स. ०७५।७६ च.नं. ५ मिति २०७५।०४।०२ र च.नं. ६४ को मिति २०७५।०४।२२ को पत्रबाट लेखि आएको हुदा ढुङ्गा गिट्टी बालुवा र माटोको निकासी/विक्री कर उठाउने सम्बन्धमा कार्यालयबाट प्राप्त कार्यविधिको मस्यौदा माथि सामान्य छलफल भयो । यसलाई अझै परिस्कृत र परिमार्जन गर्न आवश्यक देखिएको सो तयारी आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा योजनाको संचालनको लागि उपभोक्ता समिति गठन संचालन भुक्तानी प्रक्रिया समेतका विषय समेटी कार्यविधिको मस्यौदा तयार गरी पेश गर्ने जिम्मेवारी नगरपालिका कार्यालयलाई दिने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा २०७५ सालको बडा दशै शुभ दीपाउली छठ पर्वहरुको अवसरमा नगरपालिकामा यस क्षेत्रका प्रतिनिधि सभा सदस्य प्रदेश सभा सदस्य नगरमा क्रियाशिल सबै राजनीतिक दल पूर्व जन प्रतिनिधीहरु नगर सभा सदस्यहरु कर्मचारी कार्यालय प्रमखहरु सवैलाई आमन्त्रण गरि शुभकामना आदान प्रदान कार्यक्रम आयोजना गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिका भित्र अत्यावश्यक देखिएका निम्न स्थानमा झोलुङ्गे पुल निर्माण गरिदिन एस. वि. टि. एल. कार्यक्रममा अनुरोध गरी पठाउने निर्णय गरियो ।

वागन्ती पम्फा खोला – राप्ती न.पा.-१०
थामटार खहरे पम्फा खोला – राप्ती न.पा. -१०
मार्ताल खोला – राप्ती न.पा. ११
बुम्बुटार चिउरी खोला –राप्ती न.पा. ११
बाजीराङ खोलो - राप्ती न.पा. १२

वाक्राङ पर्खाल दुक्ला खोला – राप्ती न.पा. १२
डडुवा धमिली मार्ताल खोला – राप्ती न.पा. ४
रसौली सिद्धी लदरी खोला – राप्ती न.पा. ९

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा बर्षादको समयमा विग्रीएरका वडा नं. १० ११ र १२ नं. वडाका वाटोहरु मर्मतको लागि नगरपालिकाको व्याक हो लोडर पठाउने र सो को लागि इन्धन खर्च र पूर्व पश्चिम लोक मार्गको खुरखुरे देखि लोथर सम्म सडक डिभिजनको ग्रेडर प्रयोग गरि लागेको इन्धन डिजल अन्य लागत समेत बाटो मर्मत शीर्षक बाट खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा विभिन्न वडामा भएका तिज कार्यक्रम र खेलकुद कार्यक्रमको लागि नगरपालिका र वडा कार्यालयहरुबाट उपलब्ध गराइको देहाय बमोजिमको रकम अनुमोदन गर्ने निर्णय गरियो ।

क. युवा जागृति क्लब राप्ती-१ ले संचालन गरेको जिल्ला स्तरीय फुटवल प्रतियोको लागि राप्ती नगरपालिकाबाट रु ५००००।
- २ नं. वडा कार्यालयबाट रु २००००।
- ३ नं. वडा कार्यालयबाट रु १००००।
- ४ नं. वडा कार्यालय रु १००००। वडाबाट

ख. सुरदेवी युवा क्लक राप्ती-२ ले संचालन गरेको प्रथम नकाउट फुटवल प्रतयोगीको लागी राप्ती नगरपालिकाबाट रु ५००००।

ग. अकलादेवी परिवर्तनशील महिला समुहले संचालन गरेको तिज विशेष कार्यक्रमको लागि

१. राप्ती नगरपालिका रु ३००००। ३४ औ बैठकबाट निर्णय भएको
२. २ नं. वडा कार्यालय रु ५००००।
३. ३ नं. वडा कार्यालय रु २००००। शिपमुलक तथा लक्षित वर्ग
४. ४ नं. वडा कार्यालय रु ५००००। लक्षित वर्ग कार्यक्रमबाट

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा राप्ती नगरपालिका ५ निवासी मनोज विश्वकर्मा दम्पतीबाट एक अपाङ शिशुको जन्म भएको र सो वालिकाको खानपान तथा आमाको स्वास्थ्य उपचार समेतको लागि राप्ती नगरपालिकाबट उपलब्ध गराईको रु २५०००। आर्थिक सहायता रकम अनुमोदन गर्ने निर्णय गरियो । साथै वडा नं. ४ निवासी स्वर्गिय शारदा सापकोटाको परिवारिक आर्थिक अवस्था अत्यन्त कमजोर हदा रु २००००। सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस कार्यालयमा रहेको मौज्दात प्राविधिक कर्मचारीहरुबाट मात्र योजनाको लगत इष्टिमेट तयार अनुगमन र कार्य सम्पन्न प्रतिवेदन तयार गर्न समेत कठिनाई भइ रहेकोले स्थायी कर्मचारी आएमा वा अन्य व्यवस्था भएमा स्वत नहरने गरि तत्कालको लागि ५ जना सव इन्जिनियर करारमा राख्ने प्रक्रिया अघि वढाउने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा नेपाल सरकार भूमी व्यवस्था तथा गरिवी निवारण मन्त्रालय संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम र राप्ती नगरपालिका वीच सहकारी बजार विकास कार्यक्रम संचालन गर्ने बारे भएको सम्झौता पत्रको जानकारी भयो । सो सम्झौता अनुसार कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

राप्ती नगरपालिका

प्रस्ताव नं. १० माथि छलफल गर्दा महिला बालबालिका जेष्ठ नागरिक फरक क्षमता भएका व्यक्ति दलित आदिबासी जनजाती आदि लक्षित वर्गका लागि कार्यक्रम संचालन गर्न कार्यविधिहरुको मस्यौदा तयार गरी पेश गर्न विद्यायन समितिलाई जिम्मावारी दिने निर्णय गरियो ।

---

**बैठक संख्या : ३७** स्थान : राप्ती नगरपालिका

मिती : २०७५।०७।१७ गते समय : विहान ७ : ०० बजे

यस राप्ती नगरपालिका, नगर कार्यपालिकाको प्रमुख श्री प्रभा वराल (पौडेल) को अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसि निम्न प्रस्तावहरुमा छलफल गरियो ।

**उपस्थिति**

नगरप्रमुख श्री प्रभा वराल(पौडेल)

नगर उपप्रमुख श्री इमान सिंह लामा

वडाध्यक्ष वडा नं १ श्री सिद्धिलाल स्याङतान

वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती

वडाध्यक्ष वडा नं ३ श्री राज कुमार उप्रेती

वडाध्यक्ष वडा नं ४ श्री शमसेर लामा

वडाध्यक्ष वडा नं ५ श्री मेनुका पाठक

वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु

वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी

वडाध्यक्ष वडा नं ८ श्री वुद्धिराज थपलीया

वडाध्यक्ष वडा नं ९ श्री देवेन्द्र लामा

वडाध्यक्ष वडा नं १० श्री अमर बहादुर तामाङ

वडाध्यक्ष वडा नं. ११ श्री हित बहादुर तामांङ

वडाध्यक्ष वडा नं. १२ श्री अर्जुन प्रजा

वडाध्यक्ष वडा नं. १३ श्री सूर्य बहादुर चेपाङ

सदस्य श्री पुष्पा के.सी. कुवर

सदस्य श्री दिल कुमारी लामा

सदस्य श्री कविता राई

सदस्य श्री रमिता परियार

सदस्य श्री श्यामलाल वि.क.

सदस्य श्री आइती देवी दराई

सदस्य श्री अम्विका लामा

सदस्य श्री पहलमान प्रजा

सदस्य सचिव : प्रमुख प्रशासकीय अधिकृत श्री मिठाराम हुमागाई

आमन्त्रित : जिल्ला समन्वय समिति सदस्य श्री गुनु वि.क.

लेखा अधिकृत : श्री मुक्ति प्रसाद चापागाई

**प्रस्तावहरु**

१. नदीजन्य पदार्थको कार्यविधि सम्बन्धमा ।
२. बार्षिक कार्ययोजना सम्बन्धमा ।
३. पत्रकार अनुजको सेवा सुविधा सम्बन्धमा ।
४. ऐलानीमा बसोबास गर्नेलाई भुकम्पको अनुदान दिने सम्बन्धमा ।
५. सिमानाका खोलामा भएका सहमति सम्बन्धमा ।
६. कार्यविधि (कृषि शिक्षा) सम्बन्धमा ।
७. बातावरण संरक्षण कार्यक्रम वडा नं. १३ सम्बन्धमा ।
८. प्रदेशको राजपत्रमा उल्लेखित पदाधिकारी बैठक र विभिन्न समितिहरुको बैठक भत्ता सम्बन्धमा ।
९. चितवनको पूर्वी क्षेत्रका ४ वटा स्थानीय तहको बैठकको निर्णय जानकारी सम्बन्धमा ।
१०. प्रदेश र नगर योजनाको कार्यान्वयन टेण्डर वा उपभोक्ता समिति
११. कान्द्राङगढी मोटर बाटो निर्माण सम्बन्धमा ।
१२. तराई मदेश सम्वृद्धि कार्यक्रममा योजना माग गरी पठाउने सम्बन्धमा ।
१३. आर्थिक सहायता सम्बन्धमा ।

**<u>निर्णय नं. १</u>**

प्रस्ताव नं. १ सम्बन्धमा छलफल गर्दा प्रदेश सरकार आर्थिक योजना मन्त्रालयबाट प्राप्त मिति २०७५।०४।०२ र मिति २०७५।०४।२२ को पत्र अनुसार कार्यान्वयन गर्न नदीजन्य पदार्थ ढुङ्गा गिट्टी बालुवा र माटोको कर उठाउने सम्बन्धमा व्यवस्थापन र अनुगमन गर्न गठीत समितिद्धारा तयार पारिएको नदीजन्य पदार्थ ढुङ्गा गिट्टी बालुवा र माटोको विक्री/निकासी कर उठाउने सम्बन्धी कार्यविधि २०७५ माथि व्यापक रुपमा छलफल भयो । प्रदेश सरकारबाट प्राप्त पत्रमा देहायका विषय थप जानकारी तथा निर्देशन माग गर्न आर्थिक मामिला तथा योजना मन्त्रालयमा पत्राचार गर्ने निर्णय गरियो ।

१। क्रसर उद्योगमा मौज्दात प्रमाणित भएको सामग्रीको प्रति क्यू फिटरु ६। वा ९।- हुने ।
२। निजी जग्गाबाट खानी दर्ता नगराई उत्खनन गरि निकालिएको ढुङ्गाको प्रति क्यू फिट ढुङ्गा दर कति हुने ।
३। इट्टा उद्योगहरुले माटो लैजादा प्रति क्यू फिट माटोको दर अनुसार मात्र लिने वा वार्षिक एकमुष्ट रकम तिर्ने गरी स्थानीय तहले निर्णय गर्न सक्ने ।

**<u>निर्णय नं. २</u>**

प्रस्ताव नं. २ माथि छलफल गर्दा राप्ती नगरपालिकाबाट सम्पादन गरिने विभिन्न कार्यक्रम दिवस पर्व आदि समेटिएको देहाय बमोजिमको वार्षिक कार्य योजना स्वीकृत गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ३</u>**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिकाले सम्पादन गरेका र आगामी दिनहरुमा गरिने काम कारवाहीहरुलाई विभिन्न सञ्चार माध्यामहरुबाट प्रकाशन प्रशारण गर्न सहज र सरल होस र आम नागरिकले नगरपालिकाको गतिविधिको जानकारी प्राप्त गर्न सहज होस भन्ने उदेश्यले संचार माध्याम सँगको सम्बन्ध र सहकार्यलाई प्रगाढ बनाउन मिति २०७५। ०५।०६ को कार्यपालिकाको निर्णय अनुसार कामकाज गर्दै आउनु भएका सौरह डटकममा आवद्ध राप्ती-८ खुरखुरे निवासी पत्रकार श्री अनुज न्यौपानेलाई थप ३ महिनाको लागि समेत जिम्मेवारी दिदै देहाय बमोजिम सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

प्रति महिना रु १००००। दश हजार , १० लि पेट्रोल र संचार खर्च रु १०००। उपलब्ध गराउने निर्णय गरियो ।

**<u>निर्णय नं. ४</u>**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा राष्ट्रिय पुन निर्माण प्राधिकरण आवास वस्ती विकास तथा संघीय पूर्वाधार महाशाखाको च.नं. ०७ मिति २०७५।०४।३० को पत्र प्राप्त भयो । सोसँग संलग्न अनुसूची-१ को बुदा १२ सँग सम्बन्धित व्यहोरा अनुसार सार्वजनिक जग्गाको सरकारी र वन क्षेत्रको जग्गा बाहेकको जग्गाको सम्बन्धमा उक्त पत्रमा भए बमोजिम कार्य अघि बढाउने निर्णय गरियो ।

**<u>निर्णय नं. ५</u>**

प्रस्ताव नं. ५ सम्बन्धमा छलफल गर्दा लदरी र लोथर खोलाको कर उठाउने सम्बन्धमा देहाय बमोजिम गर्ने व्यहोराको सहमति समझदारी भएको जानकारी लिई सो बमोजिम गर्ने निर्णय गरियो ।

१। राप्ती नगरपालिका र खैरहनी नगरपालिकाको सीमानामा रहेको लदरी खोलाको नदीजन्य पदार्थको कर उठाउन सम्बन्धित स्थानका दुवै तर्फका वडा अध्यक्ष र प्राविधिकहरुको भएको समितिले कर उठाउने कार्यको व्यवस्थापन गर्ने सो बाट उठेको रकम मध्ये संघ प्रदेशमा पठाउन पर्ने रकम पठाई बाँकी रकममा खर्च कटाई हुन आउने रकमको ५०/५० प्रतिशत बाडी लिने ।

२. राप्ती नगरपालिका र मनोहरी गाउँपालिकाको सीमानामा पर्ने लोथर खोलाको नदीजन्य पदार्थको कर उठाउने सम्बन्धमा गाउँपालिका र नगरपालिकाले सो खोलाको IEE गर्ने कार्य अघि बढाई रहेकोले सो को प्रतिवेदन प्राप्त भएपछि दुवै पक्ष बीच नदीजन्य पदार्थको परिमाणको आधारमा रकम बाडफाड हुने गरी वा अन्य प्रक्रिया अपनाई कर असुल गर्ने ।

**<u>निर्णय नं. ६</u>**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा बालबालिका लागि दिवा खाजा कार्यक्रम मनाउने तथा राष्ट्रिय खाद्य दिवस मनाउने तथा उत्कृष्ट कृषक छनौट गरी पुरस्कार प्रदान गर्ने सम्बन्धमा कार्यालयका कार्यविधिहरु स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

१। दिवा खाजा कार्यक्रम संचालन कार्यविधि २०७५

२। खाद्य दिवस निवन्ध प्रतियोगिता कार्यविधि- २०७५

३। उत्कृष्ट कृषक छनौट र पुरस्कार वितरण कार्यविधि २०७५

**<u>निर्णय नं. ७</u>**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा जिल्ला प्रशासन कार्यालय काठमाडौ दर्ता भइ समाज कल्याण परिषदबाट आवद्धता पत्र प्राप्त वातावरण संरक्षण शिविर नामक संस्थाले राप्ती नगरपालिका-१३ का विद्यालयहरुमा जर्मनीको action medeor-German Medical Aid Organization e.v संगको साझेदारीमा सामुदायिक विद्यालयहरुमा Health Childern-Healthy Communities : Participatory Community and School Development in Rural Nepal डिसेम्बर २०२१ सम्म कार्यक्रम संचालन गर्न सहमति माग गरेको सम्बन्धमा सो कार्यक्रम संचालन गर्न सहमति दिने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा स्थानीय तहमा बहाल रहेका जन प्रतिनिधिहरुलाई मासिक सुविधा एवं बैठक भत्ता दिने सम्बन्धमा प्रदेश सरकार प्रदेश नं. ३ बाट स्वीकृत भइ राजपत्रमा प्रकाशित सूचनामा उल्लेख सुविधा तथा बैठक भत्ता सम्बन्धमा थप स्पष्ट र व्यवस्थित गर्ने कार्यालयबाट कार्यपालिका बैठकको रु १०००।, वडाको बैठक रु ५००। र सवै समितिहरुको बैठक भत्ता रु ५००। तयार भइ प्राप्त भएकोले आर्थिक कार्य प्रणालीलाई व्यवस्थित गर्न बनेको कार्यविधि २०७५ स्वीकृत गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा नगरपालिकाहरुको एक आपसमा सहयोग समन्वय र साझेदारीमा धैरै कार्य गर्न सकिने सम्दर्भमा राप्ती खैरहनी कालिका र रत्ननगर नगरपालिकाहरुको प्रमुख , उपप्रमुख , प्रशासकीय अधिकृतहरुको संयुक्त बंठकबाट साझेदारीमा एउटा दमकल खरिद गरी संचालन गर्ने नगर सीमानाका सडक स्तरोन्नती गर्ने पर्यटनका साझा सवालमा साझेदारीमा अघि बढ्ने गरी भएको निर्णय बारे जानकारी लियो र सो बमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा चालु आ.व. को लागि स्वीकृत कार्यक्रममा परेका योजना तथा प्रदेश सरकारबाट प्राप्त योजनाहरु मध्ये निर्माण व्यावसायी मार्फत गर्नुपर्ने योजनाहरु वडाबाट लेखि पठाउने निर्णय गरियो ।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा राप्ती-१३ को कान्द्राङगढी मोटर बाटोको अवस्था जीर्ण भएकोले सो बाटो सामान्य मर्मतको लागि तत्काल नगरपालिकाको व्याक हो लोडर इन्धन सहित पठाउने र सो खर्च नगरपालिका अन्तर्गतको बाटो मर्मत शीर्षकबाट खर्च लेख्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तराइ मदेश सम्वृद्धि कार्यक्रमबाट सो कार्यविधिमा उल्लेख भए बमोजिम १० प्रतिशत लागत सहभागिता यस नगरपालिकाबाट जनाउने गरी निम्न बमोजिम योजना माग गर्ने निर्णय गरियो ।

| क्र सं. | प्रस्तावित योजना तथा कार्यक्रम | कार्यक्रम संचालन स्थान | आयोजना क्षेत्र | अनुमानित कार्यक्रम | |
|---|---|---|---|---|---|
| | | | | केन्द्रिय अनुदान | स्थानीय तहबाट |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | वेहोरिने रकम १० % |
| १ | परेवाकोट देखि थाकलटार ट्रयाक निर्माण | परेवाकोट राप्ती-१ | ग-सडक | ५००००००० | ५०००००० |
| २ | बुद्धशान्ति कलेज व्यवस्थापन तथा भौतिक सुधार | बुद्धशान्ति राप्ती-२ | ख-सामुदायिक पूर्वाधार | ३००००००० | ३०००००० |
| ३ | धमौरा पश्चिम लौगाइ कुलो सम्म कुलो लाइलिङ | धमौरा राप्ती-६ | घ-कृषि | ५००००००० | ५०००००० |
| ४ | भण्डारा मा.वि. दक्षिण खेल मैदान निर्माण | भण्डारा मा वि राप्ती-६ | ख-सामुदायिक पूर्वाधार | २००००००० | २०००००० |

**निर्णय नं. १३**

प्रस्ताव नं. १३ माथि छलफल गर्दा विपन्न असाय उपचारको लागि रकम अभाव आदि भएमा व्यक्तिहरुलाई सहज रुपमा पुर्या उनको लागि प्रमुखले एक पटकमा रु ५०००। सम्म दिने सक्ने र सो भन्दा माथिको रकम दिनुपर्ने भएमा प्रमुख उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतको निर्णयबाट प्रदान गर्न सकिने निर्णय गरियो ।

**बैठक संख्या : ३८** स्थान : राप्ती नगरपालिका
**मिती : २०७५।०८।०३ गते** समय : साझ ५ : ०० बजे
यस राप्ती नगरपालिका, नगर कार्यपालिकाको प्रमुख श्री प्रभा वराल (पौडेल) को अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसि निम्न प्रस्तावहरुमा छलफल गरियो ।

**उपस्थिति**

नगरप्रमुख श्री प्रभा वराल(पौडेल)

नगर उपप्रमुख श्री इमान सिंह लामा

वडाध्यक्ष वडा नं १ श्री सिद्धिलाल स्याङतान

वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती

वडाध्यक्ष वडा नं ३ श्री राज कुमार उप्रेती

वडाध्यक्ष वडा नं ४ श्री शमसेर लामा

वडाध्यक्ष वडा नं ५ श्री मेनुका पाठक

वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु

वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी

वडाध्यक्ष वडा नं ८ श्री वुद्धिराज थपलीया

वडाध्यक्ष वडा नं ९ श्री देवेन्द्र लामा

वडाध्यक्ष वडा नं १० श्री अमर बहादुर तामाङ

वडाध्यक्ष वडा नं. ११ श्री हित बहादुर तामांङ
वडाध्यक्ष वडा नं. १२ श्री अर्जुन प्रजा
वडाध्यक्ष वडा नं. १३ श्री सूर्य बहादुर चेपाङ
सदस्य श्री पुष्पा के.सी. कुवर
सदस्य श्री दिल कुमारी लामा
सदस्य श्री कविता राई
सदस्य श्री रमिता परियार
सदस्य श्री श्यामलाल वि.क.
सदस्य श्री आइती देवी दराई
सदस्य श्री अम्विका लामा
सदस्य श्री पहलमान प्रजा
सदस्य सचिव प्रमुख प्रशासकीय अधिकृत श्री मिठाराम हुमागाई
आमन्त्रित जिल्ला समन्वय समिति सदस्य श्री गुनु वि.क.
लेखा अधिकृत श्री मुक्ति प्रसाद चापागाई
क.अ. रमेश चौधरी

**प्रस्तावहरु**

१०. अघिल्लो बैठकको निर्णय पुनरावलोकन सम्बन्धमा ।
११. न. पा. प्रशासकीय भवन निर्माण सम्बन्धमा ।
१२. लोथर र पम्पा खोलाको आई इ इ प्रतिवेदन सम्बन्धमा ।
१३. नगर विकास गुरुयोजना सम्बन्धमा ।
१४. बालबालिका संग मेयर कार्यक्रम सम्बन्धमा ।
१५. हेवि गाडी संचालन समितिको निर्णय सम्बन्धमा ।
१६. व्यक्तिगत घटना दर्ता अनलाइन प्रणालीमा गर्ने सम्बन्धमा ।
१७. एक गाउ एक प्राविधिक अनमी र कार्यालय सहयोगीको सेवा करार सम्बन्धमा ।
१८. कार्य सम्पादनमा आधारित प्रोत्साहन कार्यविधि-२०७५ सम्बन्धमा ।
१९. विद्यालयहरुको लेखा परिक्षण सम्बन्धी कार्यविधि-२०७५ सम्बन्धमा ।
२०. इट्टा भट्टाहरुको नविकरणको लागि सिफारिस गरि पठाउने सम्बन्धमा ।
२१. योजना सम्झौता गर्दा श्रमदान तोक्ने सम्बन्धमा ।
२२. साधन खरिद सम्बन्धमा ।

२३. एक मुष्टमा विनियोजन गरिएका योजना कार्यान्वयन सम्बन्धमा ।
२४. इन्धन सम्बन्धमा ।
२५. आर्थिक सहयोग सम्बन्धमा ।
२६. नगर प्रवक्ता तोक्ने सम्बन्धमा ।
२७. कार्यालय तथा अतिथि सत्कार खर्च सम्बन्धमा ।
२८. कार्यपालिका सदस्यहरुको सेवा सुविधा सम्बन्धमा ।
२९. विविध

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा राप्ती नगरपालिकाबाट संचालन गर्ने योजना तथा कार्यक्रमको सम्बन्धमा हाल सम्म भएको कार्य प्रगति बारे जानकारी भयो । सबै योजना तथा कार्यक्रम शीघ्र सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा राप्ती नगरपालिकाको प्रशासकीय भवन निर्माण गर्नको लागि प्रदेश सरकार भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. ३ हेटौडाबाट मत्स्य विकास केन्द्र भण्डाराको नाममा रहेको जग्गामा भवन निर्माण गर्न प्रदेश मन्त्री परिषदबाट निर्णय भएको बुझिएको हुदा राप्ती नगरपालिकासँग सम्झौता गरी Seidemic Design consantend काठमाडौले तयार गरेको ड्र्इङ डिजाइन अनुसार हाल Basement र थप २ तल्ला निर्माणको लगत इष्टिमेट तयार गर्ने बजेटको सुनिश्चितता गरी बहुबर्षीय योजना स्वीकृत गर्ने र बोलपत्र आव्हान गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा ढुङ्गा गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थको निकासी/विक्री गर्ने प्रयोजनको लागि लोथर र पम्फा खोलाको IEE (प्रारम्भिक बातावरणीय परिक्षण प्रतिवेदन ) देहाय बमोजिमका सेन्टर प्रतिष्ठानको सल्लाह सहमति अनुसार प्राप्त भएकोले सो प्रतिवेदन स्वीकृतको लागि जिल्ला समन्वय समितिमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

पम्फा खोला - रौतहट ट्रेनिङ सेन्टर

लोथर खोला – ऋषिकुल सेवा प्रतिष्ठान

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा राप्ती नगरपालिकाको नगर विकास योजना निर्माणको लागि बजेट विनियोजन समेत गरिएको हुदा गुरुयोजना तयार गर्ने कार्य प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा बालबालिकासँग मेयर कार्यक्रम संचालन गर्न इन्टिच्यूट अप कम्न्यूकेशन एण्ड डेभलपमेन्ट प्रा.लि. काठमाडौबाट प्राप्त प्रस्ताव बमोजिम मिति २०७५।०७।२९ गते छायाङ्कन कार्यक्रम समेत संचालन भइ सकेको हुदा उक्त कार्यक्रमको लागि रु ५००००। पचास हजार स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा राप्ती नगरपालिकामा रहेको व्याक हो लोडर रोलर (JCB) संचालनको लागि गठन भएको समितिबाट व्याक हो लोडर अपरेटरको लागि प्रति घण्टा कर बाहेक रु ५०। उपलब्ध गराउने ब्याक हो लोडर अत्यावश्यक काममा बाहेक निशुल्क नपठाउने र रोलर संचालन कार्यको लागि चालक राख्नु पर्ने हुदा थप खर्चिलो रहेको हुदा सो साधनलाई उपयुक्त प्रक्रियाद्धारा भाडामा लगाउने भन्ने व्यहोरा जानकारी भयो र सो बमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा व्यक्तिगत घटना दर्ता कार्यलाइ राप्ती नगरपालिकामा online System राखि कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा राप्ती नगरपालिका नगर कार्यपालिकाको मिति २०७५।०५।०६ को निर्णय अनुसार एक गाउँ एक प्राविधिक कृषि पशुसेवा अनमी विज्ञापन आव्हान गरी पर्न आएका दरखास्तवाल उम्मेद्वारहरु मध्ये देहायका कार्यालयहरुमा देहाय उम्मेद्वारहरु छनौट भई आएको व्यहोरा जानकारी भयो । सो बमोजिम कार्यान्वयन गर्न निर्णय गरियो ।

**तपसिल**

| क्र सं. | नामथर | पद | ठेगाना | कार्यस्थल |
|---|---|---|---|---|
| १ | सिर्जना प्रजा | ना.प्रा.स. | राप्ती – १० | कृषि शाख राप्ती न.पा. |
| २ | सविन लामा मुक्तान | नायव पशु सेवा प्रा. | राप्ती -११ | पशु स्वास्थ्य शाखा |
| ३ | मेरिना स्याङतान | अनमी | राप्ती -१ | खहरे स्वास्थ्य इकाइ |
| ४ | अम्विका सेढाई | कार्यालय सहयोगी | राप्ती -६ | राप्ती न.पा. |
| ५ | विवेक वाल्पा थिङ | कार्यालय सहयोगी | राप्ती -५ | राप्ती न.पा. |
| ६ | गोमा दाहाल | कार्यालय सहयोगी | राप्ती -२ | राप्ती न.पा. |
| ७ | पूर्णकला चेपाङ | कार्यालय सहयोगी | राप्ती -१ | राप्ती न.पा.-१ कार्यालय |
| ८ | लक्ष्मी कुमारी ढकाल डल्लाकोटी | कार्यालय सहयोगी | राप्ती -३ | राप्ती न.पा. -३ कार्यालय |
| ९ | सुरेन्द्र प्रताप तामाङ | कार्यालय सहयोगी | राप्ती -४ | राप्ती न.पा. -४ कार्यालय |
| १० | मेनुका बसौला | कार्यालय सहयोगी | राप्ती -५ | राप्ती न.पा. -५ कार्यालय |
| ११ | शुशिला चौधरी | कार्यालय सहयोगी | राप्ती -६ | राप्ती न.पा. -६ कार्यालय |
| १२ | शिला तमाङ | कार्यालय सहयोगी | राप्ती -८ | राप्ती न.पा. -८ कार्यालय |
| १३ | कुस्मा लामा थिङ | कार्यालय सहयोगी | राप्ती -११ | राप्ती न.पा. -११ कार्यालय |

**निर्णय नं. ९**

राप्ती नगरपालिका र वडा कार्यालयमा कार्यरत कर्मचारीहरुले पाइ रहेको भत्ता २०७५।०४।०१ देखि सबै प्रकारका भत्ता कटौती भएको छ । तर कर्मचारीको मनोवल उच्च राख्न कार्यालयबाट तयार गरी प्राप्त हुन आएको कार्य सम्पदानमा आधारित प्रोत्साहन कार्यविधि-२०७५ अध्ययन गरि अगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

प्रस्ताव नं.१० माथि छलफल गर्दा विद्यालयमा लेखा परिक्षण चुस्त दुरुस्त राख्नको लागि विद्यालयको लेखा परिक्षण सम्बन्धी कार्यविधि २०७५ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा दुइ वटा इट्टा भत्ताहरु त्रिशुल इट्टा उद्योग र शिव इट्टा उद्योगले कर बुझाइ नविकरणको लागि घरेलु तथा साना उद्योग कार्यालयको लागि सिफारिस माग भएकोमा उक्त उद्योग नविकरणको लागि सिफारिस दिने निर्णय गरियो ।

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा राप्ती नगरपालिकाबा ँसंचालन हुने योजना तथा कार्यक्रमहरुमा उपभोक्ता समिति मार्फत कार्य गराउदा देहाय बमोजिम लागत सहभागिता राखि कार्यान्वयन गर्ने निर्णय गरियो ।

१. सरकारी संरचना निर्माण - ५ %
२. सरकारी संरचना बाहेकका संरचना बाटो मोजाइक टायल कालोपत्र/पि सि सी ढलान - १०%
३. ग्रेभेल ट्र्याक खोल्ने कार्य तथा माथि उल्लेख नभएका सबै कार्य – १५%
४. अन्य कार्यक्रम संचालन खर्चमा – स्वेच्छिक

**निर्णय नं. १३**

प्रस्ताव नं. १३ माथि छलफल गर्दा राप्ती नगरपालिका वा विभिन्न वडा कार्यालयबाट सम्पादन गरिने कार्यलाई प्रभावकारी गुणस्तरीय बनाउन भैगोलिक अवस्थालाई मध्यनजर राखी सवारी साधन मोटर साइकल आवश्यक भएको महसुस भएकोले वडा नं. १०, ११, १२ र १३ मध्य सरकारी सवारी साधन नभएका वडा कार्यालयहरुमा बजेट व्यवस्था हुन सक्ने अवस्थामा मोटर साइकल-१ थान खरिद गर्ने कार्य अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं. १४**

प्रस्ताव नं. १४ माथि छलफल गर्दा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १८ को अधिकार प्रयोग गरि वडा तथा नगरले आवश्यकता र औचित्य हेरि विभिन्न कार्यक्रम तथा योजनाहरु कार्यान्वयन गर्नको लागि एकमुष्ट रुपमा कार्यक्रम खर्च तथा विभिन्न शिर्षकमा राखिएको एकमुष्ट बजेटलाई कार्यान्वयन गर्ने सम्बन्धमा छलफल गर्दा वडामा राखेको सो प्रकृतिको शिर्षकको बजेटलाई सम्बन्धित वडाका कार्यपालिका सदस्य र वडा सदस्यसँग समन्वय गरी एक लाख सम्मको योजना अध्यक्षले सिफारिस गर्ने र नगरले विनियोजन गरेको सो प्रकृतिको शिर्षकहरुको बजेटको सीमा क्षेत्र भित्र रहि बजेट कार्यान्वयन गर्न सम्बन्धित वडाको सिफारिसमा प्रमुख, उपप्रमुखले अनुगमन गरी नगर प्रमुखले दुइ लाख र नगर उपप्रमुखले रु एक लाख पचास हजार सम्मको योजना तथा कार्यक्रम कार्यान्वयन गर्न स्वीकृत गर्ने र सो व्यहोरा कार्यपालिका बैठकमा जानकारी गराउने र सो भन्दा बढी भएमा नगर कार्यपालिका बैठकले निर्णय गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**

प्रस्ताव नं. १५ माथि छलफल गर्दा पदाधिकारी(वडा अध्यक्ष र कार्यपालिका सदस्य)को लागि इन्धन मासिक १५ लिटर उपलब्ध गराउने र इन्धन खर्च वापतको रकम भुक्तानी गर्दा वडा कार्यालयको विविध खर्च माग गर्दा वडा अध्यक्ष र सो वडाको कार्यपालिका सदस्य समेतको इन्धन वापतको विल साथै राखि भुक्तानी माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

प्रस्ताव नं. १ ६ माथि छलफल गर्दा विपन्न असाय उपचारको लागि रकम अभाव आदि भएमा व्यक्तिहरुलाई सहज रुपमा प्रदानका लागि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १८ को अधिकार प्रयोग गरि प्रमुखले एक पटकमा रु ५०००। सम्म र प्रमुखको अनुपस्थितिमा उपप्रमुखले रु ५०००। दिने र सो भन्दा माथिको रकम दिनुपर्ने भएमा प्रमुख उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतको निर्णयबाट प्रदान गर्न सकिने निर्णय गरियो ।

**<u>निर्णय नं. १७</u>**

प्रस्ताव नं. १७ माथि छलफल गर्दा नगरपालिकाको काम कारवाहीलाई सञ्चार माध्याम र सर्वसाधारणलाई जानकारी गराउने लगायत प्रवक्ताले गर्ने कार्य गर्न प्रवक्ता तोक्ने सम्बन्धमा आगामी बैठकमा छलफल गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. १८</u>**

प्रस्ताव नं. १८ माथि छलफल गर्दा राप्ती नगरपालिकाका विभिन्न वडाहरुमा विविध खर्च वापत रु १००००। (दश हजार मात्र) प्रदान गरी आएकोमा कार्यालयमा अतिथी आगमन सेवाग्राहीको चाप समेतलाई मध्ये नजर गरी बजेट ब्यवस्थालाई नगर सभाबाट निर्णय भए पश्चात भुक्तानी लिने गरी थप रु ५०००। (पाच हजार) २०७५ मार्ग महिना देखि लागु हुने गरि उपलब्ध गराउने निर्णय गरियो ।

**<u>निर्णय नं. १९</u>**

प्रस्ताव नं. १९ माथि छलफल गर्दा कार्यपालिका सदस्यको सेवा सुविधा थप गर्ने सम्बन्धमा प्रदेश सरकारबाट सो सम्बन्धी प्राप्त राजपत्र समेतको अध्ययन गरी आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

राप्ती नगरपालिका

**बैठक संख्या : ३९** स्थान : राप्ती नगरपालिका
**मिती : २०७५।०८।२४ गते** समय : विहान ८ : ०० बजे
यस राप्ती नगरपालिका, नगर कार्यपालिकाको प्रमुख श्री प्रभा वराल (पौडेल) को अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसि निम्न प्रस्तावहरुमा छलफल गरियो ।

**<u>उपस्थिति</u>**

नगरप्रमुख श्री प्रभा वराल(पौडेल)

नगर उपप्रमुख श्री इमान सिंह लामा

वडाध्यक्ष वडा नं १ श्री सिद्धिलाल स्याङतान

वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती

वडाध्यक्ष वडा नं ३ श्री राज कुमार उप्रेती

वडाध्यक्ष वडा नं ४ श्री शमसेर लामा

वडाध्यक्ष वडा नं ५ श्री मेनुका पाठक

वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु

वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी

वडाध्यक्ष वडा नं ८ श्री वुद्धिराज थपलीया

वडाध्यक्ष वडा नं ९ श्री देवेन्द्र लामा

वडाध्यक्ष वडा नं १० श्री अमर बहादुर तामाङ

वडाध्यक्ष वडा नं. ११ श्री हित बहादुर तामांङ

वडाध्यक्ष वडा नं. १२ श्री अर्जुन प्रजा

वडाध्यक्ष वडा नं. १३ श्री सूर्य बहादुर चेपाङ

सदस्य श्री पुष्पा के.सी. कुवर

सदस्य श्री दिल कुमारी लामा

सदस्य श्री कविता राई

सदस्य श्री रमिता परियार

सदस्य श्री श्यामलाल वि.क.

सदस्य श्री आइती देवी दराई

सदस्य श्री अम्विका लामा

सदस्य श्री पहलमान प्रजा

सदस्य सचिव प्रमुख प्रशासकीय अधिकृत श्री मिठाराम हुमागाई

आमन्त्रित जिल्ला समन्वय समिति सदस्य श्री गुनु वि.क.

राप्ती नगरपालिका

लेखा अधिकृत  श्री मुक्ति प्रसाद चापागाई

क.अ. रमेश चौधरी

**प्रस्तावहरु**

१. सामाजिक विकास समितिको निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा ।
२. प्रदेश सरकारबाट विनियोजित ट्रमा सेन्टरको बजेट सम्बन्धमा ।
३. सिटीहलको टेन्डर गर्ने सम्बन्धमा ।
४. लैगिंकहिंसा विरुद्धको कार्यक्रम संचालन नगर र वडा स्तरमा समिति गठन सम्बन्धमा ।
५. नगर अस्पताल भवनको टेन्डर सम्बन्धमा ।
६. ऐलानी जग्गामा बसोबास गरेका भुकम्प पिडीतहरुको सम्बन्धमा ।
७. अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, २०७५
८. युवालक्षित कार्यविधि - २०७५ सम्बन्धमा ।
९. सम्मपूरक बजेट सम्बन्धमा ।
१०. प्रदेश सरकारबाट प्राप्त बजेट सम्बन्धमा ।
११. सडकबोर्डको बजेट सम्बन्धमा ।
१२. गत वर्षको बाँकी रहेको मौज्दात सम्बन्धमा ।
१३. कार्यसम्पादनमा आधारित प्रोत्साहन कार्यविधि २०७५ सम्बन्धमा ।
१४. सव इन्जिनिर पदमा सफल हुने उमेद्वारहरुको सम्बन्धमा ।
१५. सुख्रा, च्यात्रा, मारताल खोलाहरुको IEE गर्ने TOR सम्बन्धमा ।
१६. वडा नं. ८ को कार्यालय व्यवस्थापन हुँदाको खर्च सम्बन्धमा ।

**<u>निर्णय नं. १</u>**

प्रस्ताव नं. १ सम्बन्धमा छलफल गर्दा राप्ती नगरपालिका सामाजिक विकास समितिको मिति २०७५।०८।१३ मा बसेको बैठकबाट निर्णय भएको भण्डारामा रहेको स्वास्थ्य चौकीलाई अस्पताको रुपमा संचालन गर्न लगायतका विषयमा जानकारी भयो । उक्त मितिमा भएको निर्णय अनुमोदन गरी सोही बमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. २</u>**

प्रस्ताव नं. २ माथि छलफल गर्दा आ.व. ०७५।७६ को लागि प्रदेश सरकारबाट स्वीकृत बार्षिक योजना तथा कार्यक्रमको सि.नं. १५ खर्च शीर्षक ३११११२ मा उल्लेख भएको राप्ती नगरपालिका-१ पिप्ले महादेवटारमा ट्रमा सेन्टर संचालन गर्न विनियोजित भएको रु ५० लाख रकम राप्ती -५ को वडा कार्यालय रुपमा निर्माण कार्य अघि बढाई रहेकोमा सो वडा कार्यालय भवनलाई नै अस्पताल सञ्चालन गर्ने गरी थप निर्माण कार्य गर्न राप्ती-५ भण्डारामा सञ्चालन गरिने अस्पतालमा राखी कार्यान्वयन गरी दिन प्रदेश सरकार सामाजिक विकास मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय समक्ष अनुरोध गरी पठाउने निर्णय गरियो ।

**<u>निर्णय नं. ३</u>**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा राप्ती नगरपालिका-४ मा निर्माण गरिने सिटी हलको DPR तयार भइ सकेको हुदा सम्बन्धित प्रतिवेदकद्धारा सो हल डिजाइन बारे प्रस्तुती गर्न लगाई निर्माण स्थलको जग्गा नापजाँच गरी निर्माण कार्यको लागि बोलपत्र आव्हान गरी शिघ्र कार्यान्वयन गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ४</u>**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान लैंगिक हिंसा दुरव्याहार हामी छैन स्वीकार भन्ने नाराका साथ मनाउन नगर र वडा स्तरिय कार्यक्रम सञ्चालन गर्ने र सो कार्यक्रमलाई थप

प्रभावकारी बनाउन मिति २०७५।०८।२५ गते नगर स्तरीय र २०७५।०८।२७ गते सबै वडाहरुमा वडा स्तरिय लैङ्गिक हिंसा विरुद्धको अभियान समिति गठन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा राप्ती-५ भण्डारामा सञ्चालन हुने १५ शैयाको अस्पताल भवनको लागि प्राप्त हुने रकमबाट बोलपत्र आव्हान गरी हालको निर्माणधिन वडा कार्यालय भवनलाई अस्पतालको रुपमा रुपान्तरण गरी बाँकी कार्य गर्दै अस्पताल संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल हुदा २०७२ साल बैसाखमा गएको विनासकारी भूकम्पबाट राप्ती नगरपालिका भित्रका घरहरु क्षेती हुन पुगेको र राष्ट्रिय पुन निर्माण प्राधिकरणबाट घरहरुको चेकजाँच गर्दा लाभग्राहीको सूचीमा परेका लाभग्राहीहरुको घर जुन स्थानमा भत्किएको हो सोही स्थानमा घर निर्माण गर्ने भएमा सोही बमोजिम अनुदान दिनको लागि आवश्यक कैफियत जनाउनु पर्ने भए सो जनाई सिफारिस गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयबाट प्राप्त नमूना समेतको आधारमा कार्यालयबाट तयार गरी पेश भएको अपाङ्गता भएको व्यक्तिको परिचय पत्र वितरण कार्यविधि, २०७५ स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा प्रदेश सरकारबाट निर्णय भइ प्राप्त भएको प्रदेश युवा परिषद् ऐन २०७५ को मस्यौदा अनुसार यस नगरपालिकामा ऐनलाई परिमार्जन सहित स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरिय ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि २०७५ बमोजिम यस नगरपालिकामा प्रदेश सरकारसँग माग गर्ने योजनाहरु प्रत्येक वडाले आ-आफ्नो वडामा संचालन वडा सञ्चालन गर्न सकिने र सीमा जोडिएका वडासँग संयुक्त रुपमा सञ्चालन गर्न सकिने योजना प्रस्ताव गरी ७ दिन भित्र नगरपालिकामा पशे गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा प्रदेश सरकारबाट प्राप्त निशर्त अनुदान रु ८६ लाख ९१ हजार रकमबाट कम्तीमा दश लाख रुपैया भन्दा ल.ई. कम नहुने गरी बाटो ढलान, कालोपत्रे, मोजायक टायल (नाला सहित) स्लाप कल्भर्ट निर्माण गर्न ७० % नगरपालिका र ३०% जन सहभागिता जुटाई कार्यान्वयन गर्न सूचना प्रकाशन गरी आगामी बैठकमा निर्णयार्थ पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा सडक बोर्डबाट यस नगरपालिकामा चालु आ.व. ०७५।७६ क लागि रु ३० लाख प्राप्त भएको व्यहोरा जानकारी भयो । उक्त रकमबाट सञ्चालन गरिने कार्यक्रम बारे अनुगमन गरी अर्को बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा गत वर्षको बाँकी रहेको मौज्दातबाट तपसिल बमोजिम जस्ता योजनाहरुलाई कार्यान्वयन गर्ने निर्णय गरियो ।

| | | | |
|---|---|---|---|
| १ | दमकल खरिद तथा व्यवस्थापन | २५००००००.०० | |
| २ | विपन्नलाई छानो | १३००००००.०० | |
| ३ | नगर यातायात गुरुयोजना | १५००००००.०० | |
| ४ | नगर प्रोफाइल | ९०००००.०० | |

| | | | |
|---|---|---|---|
| ५ | ५ नं. वडा कार्यालय भवन निर्माण | २६५०००.०० | |
| ६ | दोबाटे चर्च वडा नं. १० | १०००००.०० | |
| ७ | बनदेवी मार्ग कालोपत्रे | ६०००००.०० | |
| ८ | झोलुङ्गे पुल लागत सहभागिता | ५०००००.०० | |
| ९ | कुलो मर्मत सुकुम्बासी टोल राप्ती-६ | २०००००.०० | |
| १० | विभिन्न लक्षित समुह तर्फ (महिला बालबालिका अपाङ उत्पिडित आदीवासी) | १३०४६९९.२६ | |
| ११ | एम्बुलेन्स खरिद रेडक्रस वीरेन्द्रनगर | ५०००००.०० | |
| १२ | दलित बस्ती मिलन टोल राप्ती-९ | ३०००००.०० | |
| १३ | सार्वजनिक शौचालय राप्ती-१ लोथर | २०००००.०० | |
| १४ | वीरेन्द्र नगर शौचालय | २०००००.०० | |

**निर्णय नं. १३**

प्रस्ताव नं. १३ माथि छलफल गर्दा तेस्रो नगरसभाको बजेट बक्तब्यमा उल्लेख भएको राप्ती नगरपालिकामा कार्यरत कर्मचारीहरुको लागि कार्य सम्पादनमा आधारित प्रोत्साहन सम्बन्धी व्यवस्था कार्यान्वय गर्न नगरपालिकाबाट प्राप्त भएको कार्य सम्पादनमा आधारित प्रोत्साहन कार्यविधि २०७५ स्वीकृत गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

प्रस्ताव नं. १४ माथि छलफल गर्दा राप्ती नगरपालिकाबाट मिति २०७५।०७।०९ मा प्रकाशित वि.नं. १३/२०७५-०७६ को अन्तरवार्ता मिति २०७५।०८।२१ मा सम्पन्न भइ करारमा प्राविधक कर्मचारी व्यबस्थान कार्यविधि २०७४ अनुसार गठित अन्तरवार्ता तथा सिफारिस समितिबाट सिफारिस भइ आएका देहायका सफल उम्मेद्वारलाई करार सम्झौता गरि कामकाजमा खटाउने निर्माण गरियो ।

| क्र सं. | रोल नं. | उमेद्वारको नामथर | बाबुको नामथर | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|
| १ | २ | श्री सुजन राई | श्री कविराज राइ दनुवार | राप्ती-२ चितवन | सिफारिस |
| २ | ५ | श्री विजय लामा | श्री चन्द्र बहादुर तमाङ | राप्ती-४ चितवन | सिफारिस |
| ३ | ३ | श्री दवस वंशी | श्री सन्तोष ब.वंशी ठकुरी | भरतपुर-५ चितवन | सिफारिस |
| ४ | १ | श्री आकाश बराल | श्री खेमराज बराल | भ न पा-१० चितवन | सिफारिस |
| ५ | ६ | श्री विजय पौडेल | श्री धर्म प्रसाद पौडेल | भरतपुर-४ चितवन | सिफारिस |

**निर्णय नं. १५**

प्रस्ताव नं. १५ माथि छलफल गर्दा नगरपालिकाको आन्तारिक आम्दानी वृद्धि गर्न र प्रदेश सरकार प्राप्त प्रदेश सरकारबाट स्वीकृत ऐन बमोजिम यस नगरपालिका भित्र रहेका खोलाहरुबाट ढुङ्गा गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थको उत्खनन र विक्रि गर्न खोलाहरुको प्रारम्भिक बातावरणीय परिक्षण IEE गराउन आवश्यक भएकोले देहायका खोलाहरुको IEE गर्न TOR स्वीकृत गरी जिल्ला समन्वय समितिमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. १६**

प्रस्ताव नं. १६ माथि छलफल गर्दा राप्ती नगरपालिका वडा नं. ८ को कार्यालय वीरेन्द्रनगर साविक स्थानबाट घरभाडा लिई जोर कुलो भन्ने स्थानमा कार्यालय व्यवस्थापन गर्न लागेको खर्च करिब रु २७००००।(अक्षेरुपी रु दुइ लाख सत्तरी हजार मात्र ) मध्ये नगरपालिकाबाट उपयुक्त शिर्षकबाट भुक्तानी दिने र बाँकी रकम वडाको मर्मत तथा विपत व्यवस्थापन शिर्षकमा रहेको रकमबाट भुक्तानी दिने निर्णय गरियो ।

**बैठक संख्या : ४०** **स्थान : राप्ती नगरपालिका**

**मिती : २०७५।०९।०५ गते समय : विहान ८ : ०० बजे**

यस राप्ती नगरपालिका, नगर कार्यपालिकाको प्रमुख श्री प्रभा वराल (पौडेल) को अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसि निम्न प्रस्तावहरुमा छलफल गरियो ।

**उपस्थिति**

नगरप्रमुख श्री प्रभा वराल(पौडेल)

नगर उपप्रमुख श्री इमान सिंह लामा

वडाध्यक्ष वडा नं १ श्री सिद्धिलाल स्याङतान

वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती

वडाध्यक्ष वडा नं ३ श्री राज कुमार उप्रेती

वडाध्यक्ष वडा नं ४ श्री शमसेर लामा

वडाध्यक्ष वडा नं ५ श्री मेनुका पाठक

वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु

वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी

वडाध्यक्ष वडा नं ८ श्री वुद्धिराज थपलीया

वडाध्यक्ष वडा नं ९ श्री देवेन्द्र लामा

वडाध्यक्ष वडा नं १० श्री अमर बहादुर तामाङ

वडाध्यक्ष वडा नं. ११ श्री हित बहादुर तामांङ

वडाध्यक्ष वडा नं. १२ श्री अर्जुन प्रजा

वडाध्यक्ष वडा नं. १३ श्री सूर्य बहादुर चेपाङ

सदस्य श्री पुष्पा के.सी. कुवर

सदस्य श्री दिल कुमारी लामा

सदस्य श्री कविता राई

सदस्य श्री रमिता परियार

सदस्य श्री श्यामलाल वि.क.

सदस्य श्री आइती देवी दराई

सदस्य श्री अम्विका लामा

सदस्य श्री पहलमान प्रजा

सदस्य सचिव प्रमुख प्रशासकीय अधिकृत श्री मिठाराम हुमागाई

राप्ती नगरपालिका

आमन्त्रित  जिल्ला समन्वय समिति सदस्य श्री गुनु वि.क.

लेखा अधिकृत  श्री मुक्ति प्रसाद चापागाई

क.अ. रमेश चौधरी

**प्रस्तावहरु**

३०. चौथो नगर सभा सम्बन्धमा ।
३१. प्रथम चौमासिकको सार्वजनिक सुनुवाई गर्ने सम्बन्धमा ।
३२. स्वीस सरकारको सहयोगमा सञ्चालन हुने कार्यक्रम सम्बन्धमा ।
३३. नगरपालिकाको भवन निर्माण लगत इष्टिमेट स्वीकृत गर्ने ।
३४. स्थानीय निकायका स्थायी कर्मचारीको पदस्थापन सम्बन्धमा ।
३५. उपभोक्ता समितिले गर्ने कामको लागत सीमा सम्बन्धमा ।
३६. नगर सभाहल निर्माणको सम्बन्धमा ।
३७. सरकारी खाता संचालनको लागि बैंक सिफारिस गर्ने सम्बन्धमा  ।
३८. नगर सरसफाई सम्बन्धमा ।
३९. नदीजन्य पदार्थ र माटोको विक्री कर उठाउने सम्बन्धी कार्यविधि २०७५ स्वीकृत गर्ने सम्बन्धमा ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १९ को उपदफा १ मा नगर सभाको बैठक सामान्य तया वर्षमा २ पटक बस्नेछ भन्ने उल्लेख भए बमोजिम राप्ती नगरपालिकाको चौथो नगरसभा २०७५ पौष २२ गते राप्ती ४ काशीरुपा आधारभुत विद्यालयको हलमा हुनेगरी आव्हान गर्ने र चौथो नगर सभालाई व्यवस्थित रुपले सञ्चालन गर्न देहायका महानुभावहरु रहेको चौथो नगरसभा व्यवस्थापन समिति गठन गरी व्यवस्थाको जिम्मेवारी दिने निर्णय गरियो ।

१. वडा अध्यक्ष श्री शमशेर लामा   - संयोजक
२. वडा अध्यक्ष श्री मेनुका पाठक   - सदस्य
३. वडा अध्यक्ष श्री जल्लु महतो थारु  - सदस्य
४. कार्यपालिका सदस्य श्री पुष्पा कुवर  - सदस्य
५. कार्यपालिका सदस्य श्री रमिता परियार  - सदस्य

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा राप्ती नगरपालिकाबाट सम्पादित काम कारवाही लगायतको विषयमा नागरिकलाई जानकारी गराउदै पारदर्शी रुपमा कार्य सम्पादन भएको अनुमूति दिलाउन र आम सरोकारवालबाट राय सुझाव समेत प्राप्त गर्न मिति २०७५।०९।१४ गते शनिबार दिनको १ बजे राप्ती-५ जनजागृति हरियालि ताजा तरकारी तथा फलफुल उत्पादन सहकारी संस्था (तरकारी मन्डी) मा तेस्रो पक्षबाट सहजीकरण गर्न लगाई सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा स्वीस सरकार समेतको सहयोगमा सञ्चालन हुने कार्यक्रमको लागि विनियोजित बाँकी बजेटबाट  गर्नुपर्ने योजनाहरु छनौटको लागि सम्भावित स्थानको स्थलगत रुपमा अनुगमन गरी अर्को बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा राप्ती नगरपालिकाको कार्यालय भवन निर्माणको लागि तयार भएको ड्रइङ डिजाइन लागत इष्टिमेट स्वीकृत गरी भवनको डिजाइन मध्ये हाललाई २ तला सम्मको निर्माण कार्य गर्ने निर्णय भएको हुदा सार्वजनिक खरिद नियमावली २०६३ को नियम १४ (१) ग बमोजिम सोको लागत अनुमान रु ९७४५६२८५.५९ (अक्षेरुपी नौ करोड चौहत्तर लाख छपन् हजार दुइ सय पचासी र पैसा उनान्साठी मात्र) स्वीकृत गरियो । भवन निर्माण कार्य एक आ.व. मा नै सम्पन्न हुने नसक्ने भएकोले आ.व. ०७५/७६ मा रु १ करोड र आ.व. ०७६/७७ मा रु ५ करोड र आ.व. ७७/७८ मा रु ३ करोड चौहत्तर लाख छपन्न हजार दुइ सय पचासी र पैसा उनान्साठी मात्र विनियोजन गर्ने प्रतिबद्धता व्यक्त गर्दै भवन निर्माण कार्यलाई बहुवर्षीय योजनाको रुपमा स्वीकृत गरि E-Bidding मार्फत टण्डर आव्हान गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्तावन नं. ५माथि छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कर्मचारी प्रशासन शाखाको प.सं. ०७५/७६ च.नं. २२ मिति २०७५।०८।२४ को पत्रबाट समायोजन पत्र दिने सम्बन्धी पत्रमा उल्लेख भएको स्थानीय सरकार सञ्चालन ऐन २०७४ लागु भएको मितिमा साविकको स्थानीय निकायबाट स्थायी नियुक्ति भएका कर्मचारीहरुलाई कर्मचारी समायोजन अध्यादेश २०७५ लागु भएको १० दिन भित्र समायोजन भएको पत्र दिई मन्त्रालयमा जानकारी दिन लेखि आएको व्यहोरा समेत जानकारी भयो । सो सम्बन्धमा साविकको स्थानीय नियकाबाट नियुक्ति पाएका निम्न कर्मचारीहरुलाई कर्मचारी समायोजन अध्यादेश २०७५ को दफा ६ को उपदफा ४ बमोजिम समायोजन पत्र दिने र श्रेणी विहिन कर्मचारीको दरबन्दी अन्तरिम संगठन संरचनामा समावेश नभएको हुदा यस कार्यालयबाट प्रस्ताव गरिएको उक्त दरबन्दी स्वीकृत गरी पठाई दिन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा लेखी पठाउने निर्णय गरियो ।

**तपसिल**

| क्र सं. | पद श्रेणी | नामथर | सुरुको स्थायी नियुक्ति मिति | समायोजन भएको कार्यालय | पद |
|---|---|---|---|---|---|
| १ | प्राविधि सहायक चौथो | चेतनाथ थपलिया | | ३ नं. वडा कार्यालय | अ.सव.ई |
| २ | कार्यालय सहायक चौथो | मंगल तमाङ | | ९ नं. वडा कार्यालय | कार्यालय सहायक |
| ३ | कार्यालय सहयोगी | होमराज भारती | | राप्ती नगरपालिका | कार्यालय सहयोगी |
| ४ | कार्यालय सहयोगी | खेम बहादुर कुवर | | ७ नं. वडा कार्यालय | कार्यालय सहयोगी |
| ५ | कार्यालय सहयोगी | शिवराज सिलवाल | | २ नं. वडा कार्यालय | कार्यालय सहयोगी |
| ६ | कार्यालय सहयोगी | राम प्रसाद प्रजा | | १० नं. वडा कार्यालय | कार्यालय सहयोगी |
| ७ | कार्यालय सहयोगी | मणी प्रजा | | १२ नं. वडा कार्यालय | कार्यालय सहयोगी |

**निर्णय नं.६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा राप्ती नगरपालिकाबाट संचालन गरिएका योजना तथा कार्यक्रमको उपभोक्ता समितिबाट गर्ने कामको लागि बजेटको सीमा तोक्ने सम्बन्धमा अर्को बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ सम्बन्धमा छलफल गर्दा नगर सभाहल राप्ती-४ पूर्व पश्चिम लोकमार्गबाट इलाका प्रहरी कार्यालय तर्फ जाने बाटोको पूर्व तर्फको साविकमा कृषि/पशु सेवा कार्यालय रहेको जग्गामा नगर सभाहल

वनाउन प्रस्ताव भएकोमा वडा कार्यालयको भवन निर्माण पश्चात सो स्थानमा जग्गा नपुग हुने देखिएकोले सोही स्थानमा व्यवस्था गर्न सकिने वा अन्य स्थानको खोजी गर्ने सम्बन्धमा अनुगमन गरी अर्को बैठकमा पेश गर्ने निर्णय गरियो

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा हाल राप्ती नगरपालिकाको नाममा सरकारी कारोबार कृषि विकास बैंक पर्सा मार्फत कारोबार भइ आएकोमा एन आई सी एसिया बैंक पर्साले यस नगरपालिकाको सरकारी खाता सञ्चालन गर्न नेपाल राष्ट्र बैकबाट अनुमति लिई सकेको र भण्डारामा खोले पश्चात कारोबार संचालन गर्ने भनिएकोमा सो बैकले भण्डारामा शाखा खोल्न नआएको र भण्डारा स्थित बैंकहरुले खाता सञ्चालन गर्न इच्छुक रहेको भनि अनुरोध पत्र पठाई रहेको हुँदा राप्ती नगरपालिका वडा नं. ५ भण्डारा स्थित नेपाल बैंक लि.ले नेपाल राष्ट्र बैंकबाट स्वीकृत लिई आएमा सोही बैकबाट कारोबार संचालन गरिने प्रतिबद्धता सो बैंकलाई दिने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा नगरको सरसफाई कार्यलाई व्यवस्थित गराउन विभिन्न स्थानबाट निस्किएको फोहोरलाई विशर्जन गराउन विभिन्न बस्तुलाई पुन प्रयोग गर्नको लागि छनौट गरि पठाउन दुधकोसी र कालिका सामुदायिक बनको सीमानामा पर्ने गरी बगेरी खोला नजिकैको स्थानमा फोहोर संकलन केन्द्र बनाउन उपयुक्त हुने बुझिएकोले २०७५।०९।१३ गते सो स्थानमा आम नागरिक र सरोकारवालहरुसँग बसी एक अन्तरक्रिया कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा प्रदेश आर्थिक ऐन २०७५ को अनुसूची-५ लाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नदीजन्य पदार्थ र माटोको उत्खनन र विक्री कार्यलाई यस नगरपालिकामा सहज सरल र व्यवस्थित रुपले कार्यान्वयन गर्न राप्ती नगरपालिकामा कर लागु हुने गरी ढुङ्गा गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थको उत्खनन र विक्री कार्यलाई व्यवस्थित गर्न गठित समितिको राय सल्लाह समेतमा तयार गरिएको नदीजन्य पदार्थ र माटोको विक्री कर उठाउने सम्बन्धी कार्यविधि २०७५ स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

---

**बैठक संख्या : ४१** **स्थान : राप्ती नगरपालिका**

**मिती : २०७५।०९।१३ गते समय : विहान ८ : ०० बजे**

यस राप्ती नगरपालिका , नगर पदाधिकारीहरुको उपस्थितीमा बसि निम्न प्रस्तावहरुमा छलफल गरियो । कार्यपालिकाको प्रमुख श्री प्रभा वराल (पौडेल) को अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमका

**उपस्थिति**

नगरप्रमुख श्री प्रभा वराल(पौडेल)

नगर उपप्रमुख श्री इमान सिंह लामा

वडाध्यक्ष वडा नं १ श्री सिद्धिलाल स्याङतान

वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती

वडाध्यक्ष वडा नं ३ श्री राज कुमार उप्रेती

वडाध्यक्ष वडा नं ४ श्री शमसेर लामा

वडाध्यक्ष वडा नं ५ श्री मेनुका पाठक

वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु

वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी

वडाध्यक्ष वडा नं ८ श्री वुद्धिराज थपलीया

वडाध्यक्ष वडा नं ९ श्री देवेन्द्र लामा

वडाध्यक्ष वडा नं १० श्री अमर बहादुर तामाङ

वडाध्यक्ष वडा नं. ११ श्री हित बहादुर तामांङ

वडाध्यक्ष वडा नं. १२ श्री अर्जुन प्रजा

वडाध्यक्ष वडा नं. १३ श्री सूर्य बहादुर चेपाङ

सदस्य श्री पुष्पा के.सी. कुवर

सदस्य श्री दिल कुमारी लामा

सदस्य श्री कविता राई

सदस्य श्री रमिता परियार

सदस्य श्री श्यामलाल वि.क.

सदस्य श्री आइती देवी दराई

सदस्य श्री अम्विका लामा

सदस्य श्री पहलमान प्रजा

सदस्य सचिव प्रमुख प्रशासकीय अधिकृत श्री मिठाराम हुमागाई

आमन्त्रित जिल्ला समन्वय समिति सदस्य श्री गुनु वि.क.

लेखा अधिकृत श्री मुक्ति प्रसाद चापागाई

क.अ. रमेश चौधरी

**प्रस्तावहरु**

१. सार्वजनिक सुनुवाई सम्बन्धमा ।
२. चौथो नगर सभा सम्बन्धमा ।
३. स्वीर सरकारको बजेट सम्बन्धमा ।
४. सडक बोर्डको योजना संचालन सम्बन्धमा ।
५. शैक्षिक गुणस्तर अभिवृद्धिमा छुट्याइएको बजेट सम्बन्धमा ।

नगरपालिका

६. राष्टपति चुरे तराई मधेर संरक्षण विकास समितिको बजेट सम्बन्धमा ।
७. दारती खा.पा.यो.को रकम असुली सम्बन्धमा ।

**निर्णय नं.१**

प्रस्ताव नं. १ माथि छलफल गर्दा राप्ती नगरपालिकाबाट सम्पादन गरिने काम कारवाहीको सम्बन्धमा पारदर्शी रुपले नागरिक समक्ष प्रस्तुत गर्दै सम्पूर्ण सरोकारवाला सबैसँग कुनै गुनासो भए राख्न र राय सुझाव समेत दिन मिति २०७५।०९।१४ गते आयोजना गरिएको सार्वजनिक सुनुवाई कार्यक्रममा वडा अध्यक्ष, कार्यपालिका सदस्य, वडा समिति सदस्य समेतबाट सम्पूर्ण नगरबासीहरुमा जानकारी गराई आफु समेतको उपस्थितिमा कार्यक्रम सफल बनाउने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा मिति २०७५।०९।२२ गते आव्हान गरिएको चौथो नगर सभाको बैठकका लागि निम्न बमोजिम गर्ने निर्णय गरियो ।

१. तेस्रो नगर सभाबाट स्वीकृत भएका योजना तथा कार्यक्रम कार्यान्वयनमा कही कतै असुविधा पर्न गएको छ भने सरलीकृत गर्नको लागि नगरी नहुने खालका योजना तथा कार्यक्रम सामान्य रुपमा हेरफेर गर्नुपर्ने भएका वडा समितिको बैठकबाट निर्णय गराई सिफारिस साथ पेश गर्ने ।
२. नगरपालिकाको लेखा सम्बन्धी कारोबारको लेखा र लेखा परीक्षणबाट औल्याइएको बेरुजुको सम्बन्धमा लेखा प्रतिवेदन लिने ।
३. राप्ती नगरपालिका भर लागु हुने गरी स्वीकृत भएका कुनै ऐन नियम निर्देशिका तथा कार्यविधिहरुमा कुनै थप गर्नुपर्ने सो गर्न र नयाँ कुनै कानूनको व्यवस्था गर्न आवश्यक भएमा सो तयार गरी मस्यौदा पेश गर्न विद्यान समितिलाई जानकारी गराउने ।
४. नगर सभाका सम्पूर्ण सदस्यहरुलाई सहभागी हुन जानकारी गराउने ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा स्वीस सरकार समेतको सहयोगमा संचालित पूर्वी राप्ती नदी नियन्त्रण तथा जीविकको पार्जन योजनाको लागि विनियोजित बजेट रु १,८३,००,०००। (एक करोड तिरासी लाख) मध्ये देहायको क्षेत्रमा लगानी गर्ने गरि स्वीस सरकारको तर्फबाट कन्सल्टेण्ट नियुक्त भएको सिल्ट कन्सन्टन्सीसँगको छलफलमा देहाय बमोजिम गर्न समझदारी भएको छ ।

१. स्पर मर्मत – रु ३९,००,०००।
२. जलाधार संरक्षण – रु ४६,००,०००।
३. भीत्री खोला संरक्षण – रु २०,००,०००।
४. क्रमागत ६ वटा योजना - रु ७७,००,०००।

कुल जम्मा – रु १,८३,००,०००।

उक्त बमोजिमको समझदारी अनुसार देहाय बमोजिम गर्ने,

१. स्पर मर्मत तर्फ
   क. गिरिजा चोक स्पर मर्मत राप्ती-३ - रु २०,००,०००।
   ख. मुडाभार कुलो मुहान नजिक स्पर मर्मत राप्ती-६ - रु १९,००,०००।
२. भित्री खोला संरक्षण
   क. भण्डारा पुल तल ढुङ्ग्रे खोला तटबन्धन तथा संरक्षण राप्ती-६, - रु १०,००,०००।
   **ख.** सुरदेवी खोला संरक्षण राप्ती-२, - रु १०,००,०००।

**निर्णय नं. ४**
प्रस्ताव नं. ४ माथि छलफल गर्दा सडक बोर्ड नेपालबार्ड नेपालबाट चालु आ.व. ०७५/७६ को लागि प्राप्त ३० लाखबाछ राप्ती नगरपालिका वडा नं. ७, ८ र ९ नं. का सडक मध्ये कुनै सडकहरुमा राखी कार्यान्वयन गर्ने निर्णय गरियो ।
**निर्णय नं. ५**
प्रस्ताव नं. ५ माथि छलफल गर्दा नगरपालिका तर्फ विनियोजित शैक्षिक गुणस्तर अभिवृद्धि शीर्षकमा रहेको रु ५४ लाख रकमबाट देहाय बमोजिम गर्ने निर्णय गरियो ।

१. भण्डारा मा.वि. राप्ती-६ SEE अतिरिक्त कक्षा संचालन समेतको लागि -रु १३ ,००,०००।
२. वीरेन्द्रनगर मा.वि. राप्ती-७ SEE अतिरिक्त कक्षा संचालन समेतको लागि -रु १३००,०००।
३. बुद्धशान्ति मा.वि. राप्ती-२ SEE अतिरिक्त कक्षा संचालन समेतको लागि -रु १३ ,००,०००।
४. महादेवटार मा.वि. राप्ती-१ SEE अतिरिक्त कक्षा संचालन समेतको लागि -रु ५,००,०००।
५. ब्रह्मनगर मा.वि. राप्ती-८SEE अतिरिक्त कक्षा संचालन समेतको लागि -रु ६,००,०००।
६. थाकलटार मा.वि.राप्ती-११ छात्राबासको लागि -रु ४,००,०००।

**निर्णय नं. ६**
राष्टपति चुरे तराई मधेर संरक्षण विकास समितिको प.स. ०७५-७६-२८१ मिती २०७५।०८।१३ को पत्रबाट पूर्व राप्ती-४ लोथर नदी प्रणालीको लागि बजेट उप शिर्षक नं. ३२९१२४ बाट रु ५० लाख प्राप्त हुन आएकोले उक्त बजेटबाट देहायका कार्यक्रमहरु सोही पत्रको शर्तमा रही कार्यान्वयन गर्ने निर्णय गरियो ।

१. राप्ती-१ लोथर बजार क्षेत्र संरक्षण गर्न लोथर खोला तटबन्धनको लागि - रु २५,००,०००।
२. राप्ती-११ गोङगोर चोक खोला वोर्लाङ गाउँ तटबन्धन, लोथर - रु २५,००,०००।

**निर्णय नं. ७**
प्रस्ताव नं. ७ माथि छलफल गर्दा आ.व. ०७४/७५ मा राप्ती-१२ मा संचालित दारती खानेपानी योजनामा काम नगरी भुक्तानी लिएकोले कारवाही गरी पाउँ भनि अमर बहादुर प्रजाले मिति २०७५।०४।२७ मा न्यायिक समितिमा दिएको निवेदन उपर कारवाही गर्न न्यायिक समिति सदस्य पूर्ण प्रसाद आचार्य र गोमा देवी धरेल रहेको छानविन समिति गठन गरी छानविन गराउदा प्राप्त प्रतिवेदन र सो योजना हेर्ने प्राविधिकको प्रतिवेदन उपर न्यायिक समिति बैठकमा छलफल गर्दा यस योजनामा विनियोजन रु २०००००। गरी प्राविधिकको लागत इष्टिमेट अनुसारको काम सम्पन्न नभएको पेश भएको विल भरपाई अनुसारको सामान खरिद नभएको देखिएकोले योजनाको रकम हिनामिना भएकोले कारवाही गर्न न्यायिक समितिको २०७५।०८।१९ को पत्रबाट लेखि आएकोले सो साथ संलग्न प्रतिवेदनहरु समेतको आधारमा श्री भिम बहादुर प्रजा अध्यक्ष रहेको उपभोक्ता समितिले काम गरेको भन्ने देखिएको रु २०००००। को टंकी खरिद कार्यको रकम बाहेक बाँकी रकम रु १,८०,०००।(अक्षेरुपी एक लाख असी हजार)असुल उपर गरी नियमानुसार आवश्यक कारवाही गर्ने निर्णय गरियो ।

---

**बैठक संख्या : ४२** **स्थान : राप्ती नगरपालिका**
**मिती : २०७५।०९।२१ गते शनिबार समय : दिउसो २ : ०० बजे**
यस राप्ती नगरपालिका , नगर पदाधिकारीहरुको उपस्थितीमा बसि निम्न प्रस्तावहरुमा छलफल गरियो । कार्यपालिकाको प्रमुख श्री प्रभा वराल (पौडेल) को अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमका
**<u>उपस्थिति</u>**
नगरप्रमुख श्री प्रभा वराल(पौडेल)

नगर उपप्रमुख श्री इमान सिंह लामा

वडाध्यक्ष वडा नं १ श्री सिद्धिलाल स्याङतान

वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती

वडाध्यक्ष वडा नं ३ श्री राज कुमार उप्रेती

वडाध्यक्ष वडा नं ४ श्री शमसेर लामा

वडाध्यक्ष वडा नं ५ श्री मेनुका पाठक

वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु

वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी

वडाध्यक्ष वडा नं ८ श्री वुद्धिराज थपलीया

वडाध्यक्ष वडा नं ९ श्री देवेन्द्र लामा

वडाध्यक्ष वडा नं १० श्री अमर बहादुर तामाङ

वडाध्यक्ष वडा नं. ११ श्री हित बहादुर तामांङ

वडाध्यक्ष वडा नं. १२ श्री अर्जुन प्रजा

वडाध्यक्ष वडा नं. १३ श्री सूर्य बहादुर चेपाङ

सदस्य श्री पुष्पा के.सी. कुवर

सदस्य श्री दिल कुमारी लामा

सदस्य श्री कविता राई

सदस्य श्री रमिता परियार

सदस्य श्री श्यामलाल वि.क.

सदस्य श्री आइती देवी दराई

सदस्य श्री अम्विका लामा

सदस्य श्री पहलमान प्रजा

सदस्य सचिव प्रमुख प्रशासकीय अधिकृत श्री मिठाराम हुमागाई

आमन्त्रित जिल्ला समन्वय समिति सदस्य श्री गुनु वि.क.

लेखा अधिकृत श्री मुक्ति प्रसाद चापागाई

क.अ. रमेश चौधरी

**प्रस्तावहरु**

१. चौथो नगरसभामा पेश गर्ने देहायका प्रस्ताव स्वीकृत सम्बन्धमा ।
    १. लेखा समितिको प्रतिवेदन सम्बन्धमा ।
    २. योजना संशोधन, अनुमोदन तथा स्वीकृत गर्ने सम्बन्धमा ।
    ३. थप बजेट बारे जानकारी तथा कार्यान्वयन सम्बन्धमा ।

४. राप्ती-५ भण्डारा अस्पताल स्थापना सम्बन्धमा ।
५. प्रशासकीय कार्यविधि नियमित गर्ने सम्बन्धी ऐन- २०७५ स्वीकृत गर्ने सम्बन्धमा ।
६. जन प्रतिनिधीहरुको आचार संहिता – २०७५ स्वीकृत गर्ने सम्बन्धमा ।
७. खेदकुद विकास समिति गठन गर्ने सम्बन्धमा ।
८. पर्यटन विकास समिति गठन गर्ने सम्बन्धमा ।
९. वडाको अतिथि विविधको खर्च र कार्यपालिका सदस्यको पेट्रोल सुविधा सम्बन्धमा ।

२. उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि २०७५ स्वीकृत गर्ने सम्बन्धमा ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा चौथो नगर सभामा देहायका प्रस्तावहरु स्वीकृतको लागि पेश गर्ने निर्णय गरियो ।

१. लेखा समितिको प्रतिवेदन सम्बन्धमा ।
२. योजना संशोधन, अनुमोदन तथा स्वीकृत गर्ने सम्बन्धमा ।
३. थप बजेट बारे जानकारी तथा कार्यान्वयन सम्बन्धमा ।
४. राप्ती-५ भण्डारा अस्पताल स्थापना सम्बन्धमा ।
५. प्रशासकीय कार्यविधि नियमित गर्ने सम्बन्धी ऐन- २०७५ स्वीकृत गर्ने सम्बन्धमा ।
६. जन प्रतिनिधीहरुको आचार संहिता – २०७५ स्वीकृत गर्ने सम्बन्धमा ।
७. खेदकुद विकास समिति गठन गर्ने सम्बन्धमा ।
८. पर्यटन विकास समिति गठन गर्ने सम्बन्धमा ।
९. वडाको अतिथि विविधको खर्च र कार्यपालिका सदस्यको पेट्रोल सुविधा सम्बन्धमा ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ बमोजिम राप्ती नगरपालिका भित्र लागु हुने कार्यविधिको नमुना संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले वेभ साइट मार्फत पठाएको हुँदा सो नमुना समेतको आधारमा आवश्यकता हेरि केही बुदाहरुमा परिमार्जन गरि स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि २०७५ पारित गर्ने निर्णय गरियो ।

---

**बैठक संख्या : ४३** **स्थान : राप्ती नगरपालिका**

**मिती : २०७५।१०।१० गते समय : साझ ४ : ०० बजे**

यस राप्ती नगरपालिका, नगर कार्यपालिकाको प्रमुख श्री प्रभा वराल (पौडेल) को अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसि निम्न प्रस्तावहरुमा छलफल गरियो ।

**उपस्थिति**

नगरप्रमुख श्री प्रभा वराल(पौडेल)

नगर उपप्रमुख श्री इमान सिंह लामा

वडाध्यक्ष वडा नं १ श्री सिद्धिलाल स्याङतान

वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती

वडाध्यक्ष वडा नं ३ श्री राज कुमार उप्रेती

वडाध्यक्ष वडा नं ४ श्री शमसेर लामा

वडाध्यक्ष वडा नं ५ श्री मेनुका पाठक

वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु

वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी

वडाध्यक्ष वडा नं ८ श्री वुद्धिराज थपलीया

वडाध्यक्ष वडा नं ९ श्री देवेन्द्र लामा

वडाध्यक्ष वडा नं १० श्री अमर बहादुर तामाङ

वडाध्यक्ष वडा नं. ११ श्री हित बहादुर तामांङ

वडाध्यक्ष वडा नं. १२ श्री अर्जुन प्रजा

वडाध्यक्ष वडा नं. १३ श्री सूर्य बहादुर चेपाङ

सदस्य श्री पुष्पा के.सी. कुवर

सदस्य श्री दिल कुमारी लामा

सदस्य श्री कविता राई

सदस्य श्री रमिता परियार

सदस्य श्री श्यामलाल वि.क.

सदस्य श्री आइती देवी दराई

सदस्य श्री अम्विका लामा

सदस्य श्री पहलमान प्रजा

सदस्य सचिव प्रमुख प्रशासकीय अधिकृत श्री मिठाराम हुमागाई

आमन्त्रित जिल्ला समन्वय समिति सदस्य श्री गुनु वि.क.

लेखा अधिकृत श्री मुक्ति प्रसाद चापागाई

क.अ. रमेश चौधरी

**प्रस्तावहरु**

३. प्रगति समिक्षा सम्बन्धमा ।
४. जिल्ला समन्वय समिति मौज्दात रहेको रकमबाट योजना माग सम्बन्धमा ।
५. उपभोक्ता समितिको अभिमूखीकरण तालिम सम्बन्धमा ।

६. टोल विकास संस्थाहरुको अध्यक्षहरुको बैंठक सम्बन्धमा ।
७. ३०-७० को योजना स्वीकृत सम्बन्धमा ।
८. करारमा रहेको कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।

**निर्णय नं. १**

प्रस्ताव नं.१ माथि छलफल गर्दा आ.व. ०७५/७६ को लागि स्वीकृत भएका योजना तथा कार्यक्रमको प्रगति सम्बन्धमा सबै वडाध्याक्ष र कार्यपालिका सदस्य समेतबाट आ-आफ्नो वडाको प्रगति समीक्षा गरियो । स्वीकृत योजना तथा कार्यक्रम शीघ्र सम्पन गर्नको लागि सम्झौता हुन बाँकी योजनाको २०७५ माघ मसान्त भित्र सम्झौता गराई अघि बढ्ने निर्णय गरियो ।

**निर्णय नं. २**

जिल्ला समन्वय समिति चितवनको च.नं. ३९० मिति २०७५।१०।०६ को पत्रबाट मौज्दात कोष सञ्चालन निर्देशन २०७५ बमोजिम यस नगरपालिकामा माग गरी गर्नुपर्ने योजनाका सम्बन्धमा देहाय बमोजिम प्राथामिकता राखि योजनाहरु स्वीकृत गरि दिन जिल्ला समन्वय समितिमा माग पठाउने र निर्देशिकामा उल्लेख भए बमोजिम ४० % लागत सहभागिता जनाउन यस नगरपालिका प्रतिबद्ध रहेको व्यहोरा समेत उल्लेख गरी पठाउने निर्णय गरियो ।

१. नगरपालिकाको प्रशासकीय भवन – राप्ती वडा नं. ५ - २ करोड
२. वडा कार्यालय भवनहरु
   क. ४ नं. वडा कार्यालयको अधुरो भवन - ५० लाख
   ख. ६ नं. वडा कार्यालयको भवन निर्माण - ५० लाख
   ग. २ नं. वडा कार्यालय भवन निर्माण - ५० लाख
   घ. १० नं. वडा कार्यालय अधुरो भवन निर्माण - ५ लाख
३. भण्डारा अस्पताल भवन निर्माण राप्ती-५ - १ करोड
४. नगर सभाहल निर्माण राप्ती-४ - १ करोड
५. धमौरा आधारभुत विद्यालय शौचालय निर्माण राप्ती-६ - ५ लाख
६. मा.वि. स्वामीटार छात्राबास निर्माण राप्ती-१० - ५० लाख
७. वीरेन्द्र आदर्श मा.वि. भवन निर्माण राप्ती-७ - ५० लाख
८. ब्रम्हानगर मा.वि. भवन निर्माण राप्ती-८ - ५० लाख
९. आधारभुत विद्यालय धमिली विभिन्न योजना राप्ती-३ - ५ लाख
१०. थाकलटार खानेपानी योजना राप्ती-११ - १० लाख

**निर्णय नं. ३**

भौतिक पूर्वाधार तर्फको सबै योजनाहरुको मिति २०७५।१०।२० गते भित्र उपभोक्ता समिति गठन गरी सक्ने र सो पश्चात योजना संख्याको आधारमा प्रत्येक वडामा वा दुई/तिन वडा समेत समावेश गरी उपभोक्ता समितिका अध्यक्ष, कोषाध्यक्ष र सचिवहरुका लागि अभिमूखीकरण तालिम सञ्चालन गर्ने निर्णय गरियो ।

## **निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा स्थानीय स्तरमा गठन भइ नगरमा सूचीकृत भएका विकासको आधार शिलाको रुपमा रहेको टोल विकास संस्थाहरुलाई विकास प्रक्रियामा सँगसँगै लैजान आवश्यक भएकोले सूचीकृत सवै टोल विकास संस्थाका अध्यक्ष अन्य १ जना समावेश गरी २ चरणमा अभिमूखीकरण तालिम संचालगन गर्ने निर्णय गरियो ।

## **निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा प्रदेश सरकार प्राप्त समानिकरण अनुदान रु ८६ लाख ९१ हजारबाट ७० प्रतिशत र जनसहभागिता नगदबाट ३० प्रतिशत हुने गरी सडक कालोपत्र, ढलान माजाइक टायल आदी कार्य गर्न इच्छुक उपभोक्ता समुहबाट मिति २०७५।०९।२० गते भित्र लागत रकमको ३० प्रतिशतले हुन आउने रकमको भौचर सहित योजना माग गर्न मिति २०७५।०९।०३ मा सूचना प्रकाशित गरिएको देहायकोमा योजना सञ्चालन गर्न देहाय बमोजिम नगद जग्मा गरेको भौचर सहित प्राप्त भएकोले सबै निवेदकहरुलाई सम्बोधन गर्न करिब ७ लाख नपुग हुने देखिएकोले नगर तर्फ विशेष समपूरक शीर्षकबाट थप गरी निम्न योजना स्वीकृत गर्ने निर्णय गरियो ।

| सि .नं. | वडा नं. | योजनाको नाम | योजना स्थल | जम्मा गरेको रकम ३०% | माग गरेको रकम ७०% | कुल जम्मा |
|---|---|---|---|---|---|---|
| १ | १ | ज्योती नगर बाटो ढलान | ज्योतीनगर | ९०००००। | २१०००००। | ३००००००। |
| २ | १ | खयरघारी बाटो ढलान र नाला | खयरघारी पिल्ले | ७०००००। | १६३३३३३।३३ | २३३३३३३।३६ |
| ३ | ६ | मोजाइक टायल भण्डारा मा.वि. | भण्डारा मा.वि | ३०००००। | ७०००००। | १००००००। |
| ४ | ७ | कृषि मार्ग ढलान पिच र पक्की नाला | कृषि मार्ग | २१०००००। | ४९०००००। | ७००००००। |

## निर्णय नं. ६

राप्ती नगरपालिका र अन्तर्गत वडा कार्यालयहरुमा करारमा कार्यरत निम्न कर्मचारीहरु करारको भ्याद मिति २०७५ पौष मसान्तबाट सकिएको छ । कार्यालयहरुमा रहेको कार्यबोझ दरबन्दी अनुसार पदपूर्ति नहुनु र शसर्त अनुदानबाट करारमा काममा लगाइएका कर्मचारी २०७५ आषाढ मसान्त सम्मको लागि बजेट व्यवस्था हुन र करारका कर्मचारी नराख्दा सेवा प्रवाहमा बाधा पर्ने भएकोले देहायका कर्मचारीहरुको साविक बमोजिम करारका शर्त रहने र २०७५ चैत्र महिनामा पोशाक भत्ता पाउने गरी मिति २०७५।१०।०१ दखि २०७६ आषाढ मसान्त सम्मको लागि सेवा करार गर्ने निर्णय गरियो ।

नगरपालिका र वडामा कार्यरत कर्मचारी

| क्र.सं. | नाम थर | पद | कार्यरत कार्यालय |
|---|---|---|---|
| १ | श्री अर्जुन पौडेल | इञ्जिनियर | राप्ती नगरपालिका |
| २ | श्री लक्ष्मी कडेल | सुचना प्रविधि अधिकृत | राप्ती नगरपालिका |
| ३ | श्री विराज गुरुङ | सव इन्जिनियर | राप्ती नगरपालिका |
| ५ | श्री रमेश चौधरी | क.अ. | राप्ती नगरपालिका |
| ४ | श्री रामशरण थपलिया | अ.सव इन्जिनियर | राप्ती नगरपालिका |
| ६ | श्री ललिता तिमल्सिना | ग्रामिण सहजकर्ता | राप्ती-२ वडा कार्यालय |
| ७ | श्री मंजिला कडेल | सामाजिक परिचालिक | राजस्व शाखा |
| ८ | श्री रुचिला रेग्मी | सामाजिक परिचालिक | राजस्व शाखा |
| ९ | श्री निरुता नहर्की पाठक | सामाजिक परिचालिक | राप्ती-३ वडा कार्यालय |
| १० | श्री रचना चेपाङ | सामाजिक परिचालिक | राप्ती-११ वडा कार्यालय |
| ११ | श्री सर्मिला मोक्तान | सामाजिक परिचालिक | राप्ती-१२ वडा कार्यालय |
| १२ | श्री विश्वास कुंवर | हलुका सवारी चालक | राप्ती नगरपालिका |
| १३ | श्री कुवेर लामा | हलुका सवारी चालक | राप्ती नगरपालिका |
| १४ | श्री नगेन्द्र थापा | ब्याक हो लोडर अपरेटर | राप्ती नगरपालिका |
| १५ | श्री मोहन कुंवर क्षेत्री | ब्याक हो लोडर हेल्फर | राप्ती नगरपालिका |
| १६ | श्री दिनेश गिरी | का.स. | राप्ती नगरपालिका |

स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुको विवरण

| क्र.सं. | नाम थर | पद | कार्यरत स्थान |
|---|---|---|---|
| १ | सर्मिला कडेल | अनमी | पिप्ले स्वास्थ्य चौकी |
| २ | कविता थापा | अनमी | वीरेन्द्रनगर स्वास्थ्य चौकी |
| ३ | विन्जु सिवाकोटी | अनमी | भण्डारा स्वास्थ्य चौकी |
| ४ | अचिता तमाङ | का स | भण्डारा स्वास्थ्य चौकी |
| ५ | प्रविन चौधरी | का स | भण्डारा स्वास्थ्य चौकी |
| ६ | सिर्जना सिलवाल | का स | पिप्ले स्वास्थ्य चौकी |
| ७ | तेजनाथ सापकोटा | का स | वीरेन्द्रनगर स्वास्थ्य चौकी |
| ८ | पार्वती अधिकारी | का स | वीरेन्द्रनगर स्वास्थ्य चौकी |
| ९ | सीता माया तमाङ | का स | लोथर स्वास्थ्य चौकी |
| १० | राजु प्रजा | का स | वासवाङ स्वास्थ्य चौकी |
| ११ | रिता बस्नेत क्षेत्री | का स | आयुर्वेद तर्फ |
| १२ | निलम गौतम | अ हे व | सामुदायिक स्वास्थ्य इकाइ |
| १३ | रविना प्रजा | का स | सामुदायिक स्वास्थ्य इकाइ |

**बैठक संख्या : ४४** **स्थान : राप्ती नगरपालिका**

**मिती : २०७५।१०।२१ गते समय : साझ ४ : ०० बजे**

यस राप्ती नगरपालिका, नगर कार्यपालिकाको प्रमुख श्री प्रभा वराल (पौडेल) को अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसि निम्न प्रस्तावहरुमा छलफल गरियो ।

**<u>उपस्थिति</u>**

नगरप्रमुख श्री प्रभा वराल(पौडेल)

नगर उपप्रमुख श्री इमान सिंह लामा

वडाध्यक्ष वडा नं १ श्री सिद्धिलाल स्याङतान

वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती

वडाध्यक्ष वडा नं ३ श्री राज कुमार उप्रेती

वडाध्यक्ष वडा नं ४ श्री शमसेर लामा

वडाध्यक्ष वडा नं ५ श्री मेनुका पाठक

वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु

वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी

वडाध्यक्ष वडा नं ८ श्री वुद्धिराज थपलीया

वडाध्यक्ष वडा नं ९ श्री देवेन्द्र लामा

वडाध्यक्ष वडा नं १० श्री अमर बहादुर तामाङ

वडाध्यक्ष वडा नं. ११ श्री हित बहादुर तामांङ

वडाध्यक्ष वडा नं. १२ श्री अर्जुन प्रजा

वडाध्यक्ष वडा नं. १३ श्री सूर्य बहादुर चेपाङ

सदस्य श्री पुष्पा के.सी. कुवर

सदस्य श्री दिल कुमारी लामा

सदस्य श्री कविता राई

सदस्य श्री रमिता परियार

सदस्य श्री श्यामलाल वि.क.

सदस्य श्री आइती देवी दराई

सदस्य श्री अम्विका लामा

सदस्य श्री पहलमान प्रजा

सदस्य सचिव प्रमुख प्रशासकीय अधिकृत श्री मिठाराम हुमागाई

आमन्त्रित जिल्ला समन्वय समिति सदस्य श्री गुनु वि.क.

लेखा अधिकृत श्री मुक्ति प्रसाद चापागाई

क.अ. रमेश चौधरी

**प्रस्तावहरु**

१. आयूर्वेद औषधालयको भवन निर्माण सम्बन्धमा सम्बन्धमा ।
२. प्रदेश सरकारमा पेश गर्ने लागत सहभागिताको कार्यक्रम सम्बन्धमा ।
३. नदीजन्य पदार्थको विक्री कर सम्बन्धमा ।
३. दुग्ध जन्य पदार्थको परिकार बनाउने उद्योग सम्बन्धमा ।
४. बुद्धिशान्ति क्याम्पसको शैक्षिक गुणस्तरको बजेट सम्बन्धमा ।
५. नम्बरी जग्गा घर बन्ने अवस्था नहेको भुकम्प पिडित लाभग्राही ऐलानी जग्गा घर निर्माणको अनुदान सम्बन्धमा ।
६. वडा कार्यालयको विविधि खर्च भुक्तानीको शिर्षक सम्बन्धमा ।

**<u>निर्णय नं. १</u>**

प्रस्ताव नं. १ माथि छलफल गर्दा वीरेन्द्रनगरमा सञ्चालित आयूर्वेद औषधालयको भवन निर्माण गर्नको लागि वीरेन्द्र आदर्श माध्यामिक विद्यालय राप्ती – ७ ले आफ्नै स्वामित्वमा रहने गरि राप्ती नगरपालिका-७ नं. वडा कार्यालयको दक्षिण पूर्व तर्फको जग्गा (राजमार्ग देखि विद्यालयले खोलेको उत्तर तर्फको बाटोमा पूर्व मोहडा पर्ने गरि) प्रदान गरेको ज.वि. ०-३-१० (३ $^{१}/_{२}$) जग्गामा भवन निर्माण गर्न प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, स्वास्थ्य निर्देशनालय प्रदेश नं. ३ हेटौडामा पठाईएकोमा वीरेन्द्रनगर आयुर्वेद औषधालयको भवन निर्माण गरिदिन आफ्नै नाममा लालपूर्जा हुनपर्ने भनि मिति २०७५।१०।०९ को पत्रबाट लेखी आएकोले वीरेन्द्र आदर्श मा.वि.ले जग्गा प्रदान गरेकै शर्तमा सो जग्गा औषधालयको भवन निर्माण गरि दिन अनुरोध गरी पठाउने निर्णय गरियो ।

**<u>निर्णय नं. २</u>**

प्रस्ताव नं. २ माथि छलफल गर्दा प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि २०७५ बमोजिम देहायका योजना संचालन गर्ने लागत इष्टिमेट रकमको ५०% प्रदेश सरकार, ३०% प्रतिशत स्थानीय प्रस्तावक उपभोक्ता र २०% राप्ती नगरपालिकाको लागत सहभागिता रहने गरी योजना/कार्यक्रम स्वीकृत संचालन गरि दिन प्रदेश सरकार सम्बन्धित मन्त्रालय समक्ष सिफारिस गरि पठाउने निर्णय गरियो ।

१. भष्माणी गैडा ताल संरक्षण राप्ती न.पा.-६
२. ब्रम्हनगर सडक पानीसराढाप सडक, खैरहनी सीमाना देखि पानिसरा ढाप राप्ती-८
३. साना किसान विउ उत्पादन केन्द्र निर्माण (विज वृद्धि)
४. दाना उद्योग

**<u>निर्णय नं. ३</u>**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयबाट नदीजन्य पदार्थको प्रति क्यू फिट रु ९/ र मुल्य अभिवृद्धि कर समेत जाडी लिनुपर्ने व्यवस्था छ । गत आ.व. हरुमा चितवन जिल्लामा प्रति क्यू फिट रु ३/ लिने गरेको देखिन्छ । सो अनुसार हेर्दा एकै वर्ष २००% मुल्य वृद्धि भएको छ । चितवन जिल्लामा पाइने नदीजन्य पदार्थ अन्य जिल्लाको भन्दा कमसल खालको रहेकोले करको दरमा पून विचार गरी दिन प्रदेश सरकार समक्ष अनुरोध गरी पठाइएकोमा सो को कुनै जवाफ प्राप्त भएको देखिदैन । नदीजन्य पदार्ग ठेक्काबाट दिन बोलपत्र आव्हान गरेको आज तेस्रो हप्ता विति सक्दा पनि कुनै बोलपत्र दर्ता हुन आएको छैन अन्य व्यवस्था मिलाई उठाउन समेत कर बढी भएकै कारण नदीजन्य विक्री हुन सकेको छैन ।
यसले गर्दा राप्ती नगरपालिकामा हुनपर्ने विकास निर्माणका कार्यहरु ठप्प भएका छन । तोकिएको दरमा कर उठाउन प्रयत्न गर्दा करोडौ करोडका ग्राभेल गर्नपर्ने बाटोको काम हुन सकेको छैन । नदीजन्य पदार्थ तथा माटोको विक्री कर उठाउन कार्यविधि २०७५ बमोजिम गठित समितिले नदीजन्य पदार्थको विक्री कर रु ६/- र मुल्य अभिवृद्धि कर थप गरी लिने भन्ने निर्णय गरी विकास कार्य अघि बढाउन पर्ने भन्ने निर्णय गरेको विषय समेतलाई मध्य नगर गर्दा, नदीजन्य पदार्थको विक्री कर रु ६/ र मुल्य अभिवृद्धि कर समेत लिइ कार्यान्वयन गर्दा ढुङ्गा गिट्टी बालुवाको कर उठाउन सकिने र विकास निर्माणको कार्य समेत अघि बढ्ने देखिएकोले चालु आ.व. को करिब ४/५ महिना मात्र बाँकी रहेको अवस्थामा विकास निर्माणको मूख्य सामग्री आपूर्ति हुन नसकी योजनाहरु सम्झौता भए पनि कार्यान्वयन हुन सकेनन. ।
अत : विकास कार्यलाई अघि बढाउन नदी जन्य पदार्थको कर दर रु ६/ र मुल्य अभिवृद्धि कर समेत लिइ कार्यान्वयन गर्ने र प्रदेश सरकारलाई बुझाउन पर्ने जे जति रकम हुन पूर्णरुपमा नै बुझाउने वा यो कर घटी उठाएको कारण नगरपालिकामा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान रकम कटौती हुन गएमा समेत मञ्जुर गर्ने शर्तमा विकास निर्माण कार्य रोकिएको यस संवेदनशील अवस्थालाई माथि उल्लेख भए बमोजिम गर्न यस नगरपालिका वाध्य हुन परेको व्यहोरा प्रदेश सरकार मूख्य मन्त्री तथा मन्त्री परिषद्को कार्यालय र आर्थिक मामिला तथा योजना मन्त्रालयमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ४**
प्रस्ताव नं. ४ माथि छलफल गर्दा राप्ती नगरपालिकामा एक दुग्ध जन्य पदार्थको परिकार बनाउने उद्योग स्थापना गर्ने स्थान एकिन गरी सो को DPR तयार गर्नुपर्ने भएकोले हाल सम्भावित देखिएको पूरवारी स्कुल राप्ती-६, प्रतावपुर स्कुल राप्ती-३, शिवपूरी सुरदेवी टोल राप्ती-२ स्कुलहरु मर्ज भइ सकेको हुदा उक्त विद्यालयहरुको जग्गा, परेवाश्वरी दुग्ध डेरी, साना किसान सहकारी विरेन्द्रनगरको जग्गामा, भण्डारा दुग्ध सहकारी संस्थाको जग्गाहरु उपप्रमुख श्री इमान सिंह लामा संयोजक रहेका नगर स्तरीय अनुगमन समितिले औचित्यता र उपयुक्तता हेरी आवश्यकता अनुसार दुग्ध सहकारी संस्थाहरुको सहयोग र समन्वयमा स्थान एकिन गरी DPR गर्न सिफारिस गरी नगरपालिकामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**
प्रस्ताव नं. ५ माथि छलफल गर्दा राप्ती-२ मा सञ्चालित वुद्धशान्ति क्याम्पसमा विद्यार्थी संख्या कम हुदै गएको खासगरी विवाहित महिलाहरु अध्ययन गर्ने गरेको वुझिएको हुदा सो क्याम्पसमा अध्ययनरत सबै विद्यार्थीहरुलाई छात्रवृति प्रदान गरी भर्नादर बढाउने र विद्यार्थीहरुलाई अतिरिक्त कक्षा सञ्चालन समेत गरी शैक्षिक गुणस्तर समेत अभिवृद्धि गर्न रु १५०००००। बजेट नगरको कार्यक्रम खर्च पचास लाख मध्येबाट विनियोजन गर्न र सो कार्यान्वयनको लागि के कसरी गर्न सकिन्छ क्याम्पसबाट अवधारणा पत्र माग गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।
**निर्णय नं. ६**
प्रस्ताव नं. ६ माथि छलफल गर्दा नम्बारी जग्गा भएको र सोही जग्गामा घर निर्माण गर्ने भनि भुकम्प पिडितको लाभग्राही सूचिबाट सम्झौता गरि रु ५००००। बुझिलिएको तर त्यस जग्गामा डुवान र जंगली

जनावरबाट असुरक्षित भएको हुँदा विगत देखि नै घर बन्न नसक्ने अवस्था भएकोले पहिले देखि नै ऐलानी जग्गामा बसोबास गर्दै आएको र सोही ठाउँमा भू-कम्पबाट घर क्षेती भएको लाभग्राहीहरुले घर भत्के कै स्थानमा घर बनाएको अवस्थामा सो प्रकृतिको लाभग्राहीहरुका लागि राहत उपलब्ध गराउनको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं.७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा चौथो नगर सभाबाट वडा कार्यालयहरुको विविध खर्च प्रति महिना रु ५०००। थप गर्ने निर्णय भएको तर बजेट कुन शिर्षकबाट राख्ने भन्ने उल्लेख नभएको हुदा १३ वडाको लागि २०७५ मार्ग देखि २०७६ आषाढ सम्म र महिनाको जम्मा लाग्ने रु ५२००००। पाच लाख विस हजार मात्र कर्मचारी तालिम शिर्षकबाट घटाई उक्त विविध शिर्षकमा थप गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा राप्ती नगरपालिकाको कार्यालय भवन निर्माणको लागि मिति २०७५।०९। ०५ मा बसेको नगर कार्यपालिकाको बैठकबाट स्वीकृत गरिएको लागत इष्टिमेटमा 10% for price Contingencies and 10% for price physical contingencies समावेश नभएकोले बहुबर्षीय योजनामा समावेश गरी बजेट कार्यान्वयन गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४ (१)घ बमोजिम देहाय बमोजिमको लागत स्टेमेट स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

## Office of Rapti Municipality

Bhandara,Chitwan

**Summary Of Cost.**

**Name of the Project:- Construction of Municipality Building.**

**Location:- Chitwan.**

| S.N | Description | Amount (excluding VAT). |
|---|---|---|
| A | Civil Works. | 67937947.03 |
| B | Electrical Works. | 5491100.48 |
| C | Sanitary Works | 8092442.03 |
| | Sum of A+B+C | **81521489.54** |
| D | Provisional Sum. | 700000.00 |
| | **Total** | **82221489.54** |
| | Add 5% contengencies. | 4076074.47 |
| | Add 13%VAT. | 10597793.64 |
| | **Sub-Total** | **96895357.65** |
| | **For Budgetary Provisions.** | |

| | | |
|---|---|---|
| | 10% for price Contingencies | 9689535.77 |
| | 10% for price physical contingencies | 9689535.77 |
| | **Grand Total Rs:-** | **116274429.18** |

राप्तीनगरपालिका